## फेरि सुरु हुँदै खासा व्यापार

काठमाडौं । चिनियाँ रेल वे कन्स्ट्रक्सन कम्पनी लिमिटेडले तयार पारेको लार्चास्थित सुख्खा बन्दरगाह नेपाल सरकारको वाणिज्य विभागलाई छिट्टै हस्तान्तरण गरिँदैछ । बन्दरगाहभित्र केही प्राविधिक काम बाँकी रहेको र केही उपकरण जडान गरेपछि सीआरसीले नेपाललाई हस्तान्तरण गर्नेछ । भन्सार र क्वारिन्टाइनलाई आवश्यक फर्निचर र विविध उपकरण चीन सरकारले नै उपलब्ध गराउने भएको छ । वाणिज्य विभागले **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## मलमा कालोबजारी

काठमाडौं । युरिया र डीएपी मल धान खेतीका लागि प्रयोग गरिन्छ । तर अहिले मकै, गहुँ लगायत तरकारीमा समेत युरिया र डीएपी मलको प्रयोग बढ्दै गएको छ । विस्तारै धान रोप्ने समय नजिकिँदैछ । तर बजारमा रासायनिक मलको कृत्रिम अभाव सिर्जना गरिएको छ । सरकारले वितरण गर्दै आएको अनुदान मलमा सहकारी र एग्रोमेटले मल लुकाएर महँगो दाममा बेच्न थालेपछि कृषकहरु मल अभावले आक्रान्त भएका छन् ।

अनुदान मल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङले बिक्री गर्दै आएका छन् । **बाँकी ८ पेजमा**

वर्ष ८ अंक ९, २०७६ साल जेठ ३१ गते शुक्रबार, नेपाल संवत् ११३९ (June 14, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# निम्छरो प्रतिपक्ष : उन्मत्त सरकार

काठमाडौं । अमेरिकी मनोचिकित्सक तथा लेखक स्टक एम्पेकले भनेका छन्- 'अहं' को घेरा पातलिँदै जानु र फराकिलो हुँदै अरुका 'अहं' लाई पनि समेट्दै जानु नै 'हुर्किनु' हो, मानिसको परिपूर्णतातर्फको यात्रा हो ।' तर ओली नेतृत्वको कम्युनिस्ट नकाब लगाएको सरकार भने जनताको 'अह' को घेरालाई वाइपास गर्दै आफ्नो अहंलाई झन् बाक्लो र घनीभूत बनाउन तल्लीन छ । राजा लक्जेम्बर्गले उठाएको पहिचानको मुद्दालाई सरकारले -नेकपा) को पहिचान मात्र बनाउँदैछ र अन्य वैयक्तिक, सामाजिक, धार्मिक, भाषिक, सांस्कृतिक, लैंगिक र वर्गीय पहिचानलाई बहिष्करण गरिरहेको छ । राजनीतिशास्त्र भन्छ- राष्ट्र संस्कृतिले बन्छ । राष्ट्र बन्न राजनीतिक एवं कानुनी रसायन भए पुग्छ ।' तर ओली सरकार राष्ट्रको संस्कृति नै धराशायी गर्न उद्यत छ । गुठी विधेयक यसको ज्वलन्त उदाहरण हो । संस्कृतिबिनाको राजनीतिक र कानुनी रसायनले मात्र राष्ट्र बाँच्न सक्दैन । स्यामुअल हङकिङटनले प्रस्ट पारेका छन्- 'नागरिकले आफ्नो पुस्तक, धर्म, भाषा, इतिहास, मूल्यमान्यता, परम्परा तथा समाजमा स्थापित प्राचीन संस्थाभित्र बसेर अस्तित्व बचाउने प्रयत्न गर्छन् । आफूलाई परिभाषित गर्छन् ।'

सन् २००२ मा सिंगापुरका तत्कालीन प्रधानमन्त्री गोचेडतोडले राज्यका पाँच मान्यताहरुको घोषणा गरेका थिए । समुदायभन्दा माथि राष्ट्र, व्यक्तिभन्दा माथि समाज, व्यक्तिलाई सम्मान, द्वन्द्वको बदला सहमति, जातीय, प्रादेशिक सामञ्जस्यता तर सरकार राज्यका यी पाँच मान्यताहरुलाई आत्मसात गर्न तयार देखिएको छैन । समाजभन्दा व्यक्तिलाई माथि, व्यक्तिलाई सम्मान होइन बेइजजती, सहमति होइन, द्वन्द्व, जातीय प्रादेशिक सामञ्जस्यताभन्दा विभाजनलाई सरकार बढाउँदै लगिरहेको छ । सरकारले संसदमा प्रस्तुत गरेका विभिन्न विधेयकहरु यसका गवाही हुन् ।

काउन्सिल अफ युरोपका आयुक्तहरुको बैठकमा अर्गनाइजेशन फर सेक्युरिटी एन्ड कोअपरिटिभ कि प्रतिनिधि डुन्जामिजातोभिचले एक्काइसौं शताब्दीमा पनि अभिव्यक्ति स्वतन्त्रता खतरामा छ भन्दै सन् २०११ अक्टोबरमा प्रतिवेदन पेस गरेकी थिइन् जसमा उनले भनेकी छन्- आज पत्रकार बन्न



र कुनै स्रोतसँग रेस्टुराँमा खाना खान खतरा छ । पत्रकारको साथी बन्न र छिमेकी बन्न खतरा छ । भ्रष्टाचार विरुद्ध लेख्न खतरा छ र समाचारहरुको अनुसन्धान गर्न खतरा छ । संसारका कतिपय भागमा समयको समीक्षक बन्न खतरा छ र देखेको कुरा स्वतन्त्र रुपमा बोल्न सक्ने मानव बन्न समेत खतरा छ । देश र जनताको विरोधमा सरकारी निर्णय धमाधम हुन थालेपछि यसलाई विरोधमा सरकारी निर्णय धमाधम हुन



थालेपछि यसलाई जनतासम्म पुर्याउने मिडियाको घाँटी छिल्न र आफना हनुमानहरु मात्र आफ्नो स्तुति गाउन लगाउन सरकार मिडिया विधेयकको तरबार लिएर खडा भएको छ । सरकारका जनद्रोही कामहरुको पर्दाफास मिडियाले गर्न थालेपछि त्यसलाई नियन्त्रण गर्न सरकारले काउन्सिलका सरकारी पदाधिकारीहरुलाई मनासिब सजाय तोक्ने कानुनी अधिकार सहितको विधेयक राष्ट्रिय सभामा दर्ता गरिएको छ । सम्पूर्ण सञ्चार जगतले यस्तो कालो विधेयक सञ्चालन माग गरिरहे पनि सरकार टसमस नहुने अडानमा देखिएको छ ।

गुठीका जग्गा हडप्ने नियतले गुठी प्राधिकरण स्थापना गर्ने नाममा विधेयक तयार गरेको छ । यो विधेयकले मन्दिरमा पूजाआजादेखि चाडपर्व र जात्रालाई प्रभावित बनाउने भन्दै जनस्तरबाट व्यापक विरोध भइरहेको छ । जनता सडकमै ओर्लिएको अवस्था छ । व्यक्ति र समुदायको धर्म, संस्कृति प्राणभन्दा प्यारो हुन्छ । सदियौंदेखि देवीदेवताका नाममा रहेका गुठीको जग्गामा भूमाफियाहरुले आँखा गाडिरहेका छन् । गुठीयार मास्ने र बफादार पोस्ने उद्देश्यले गुठी विधेयक ल्याएको छ । गुठी राष्ट्रको इतिहास र सभ्यता हो । गुठी जग्गा हो, गुठी सम्पत्ति हो' भन्ने सीमित दायराको सरकारी सोच सरकारको देखिएको छ ।

विधेयकमा उल्लेख छ- 'कुनै मठ वा कुनै देवीदेवताको पर्व, पूजामा जात्रा चलाउन वा कुनै धार्मिक स्थल, धर्मशाला, पाटीपौवा, इनार, पोखरी, तलाउ धारा बनाउन सञ्चालन वा संरक्षण गर्न कुनै दाताले आफ्नो चल वा अचल सम्पत्ति वा आयस्ता आउने अरु कुनै सम्पत्ति वा रकम आफ्नो हक छाडिदिएको सम्पत्ति सम्झनुपर्छ । तर गुठी विभिन्न समुदायका कला संस्कृति धर्म जोगाइराख्ने आधार हो भन्ने यथार्थलाई सरकारले बेवास्ता गरेको छ । सरकारले गुठी विधेयक ल्याउँदा सरोकारवालासँग संवाद विमर्श गरेन । संस्कृति मन्त्रालय अहिले प्रधानमन्त्रीकै हातमा छ । यसर्थ प्रधानमन्त्रीको निर्देशनमा यो विधेयक व्यवस्था मन्त्रीले ल्याएको प्रस्ट छ । यो विधेयकमार्फत कम्युनिस्ट नामको सरकारले सांस्कृतिक क्रान्ति गर्न लागेको त होइन ? प्रश्न उठ्न थालेको छ । भूमि व्यवस्था मन्त्री पदमा अर्याललाई चियाङचिङको भूमिकामा के उतारिएको हो ? चियाङचिङले जेलभित्रै आत्महत्या गर्नुपरेको दुर्दान्त यथार्थतालाई पद्माले सम्झन आवश्यक छ । नेकपाका अध्यक्ष प्रचण्डले गुठी विधेयक सच्याइने बताएर गुठियारको जारी आन्दोलनलाई मत्थर पार्ने प्रयत्न भने गर्दैछन् । आफ्ना नातेदार र बफादारलाई जमिन बाँड्ने कुत्सित उद्देश्य पूर्तिका लागि गुठी विधेयक ल्याइएको छ । गुठीका महत्वपूर्ण जग्गा उपयोग **बाँकी ८ पेजमा**

## जनताको लगानी बालुवामा पानी

काठमाडौं । हाइड्रोपावरका प्रवर्द्धक कम्पनीहरुले विद्युतमा लगानी गर्दा मालामाल हुने तथ्यांक प्रस्तुत गरेर जनतासँग गतिलै ढंगले पैसा बटुले । संस्थापक शेयरदेखि लिएर साधारण शेयर किन्नेको पनि तँछाडमछाड गरेर भीड लाग्यो । हाइड्रोपावर प्रभावित क्षेत्रका सिधा, साधा, जनताले महँगो ब्याजमा ऋण लिएर शेयर हाले । अहिले हाइड्रोमा शेयर हाल्नेको पुर्पुरोमा हात पुगेको छ । हुन त सबै समूहको नेप्से ओरालो लागे तापनि हाइड्रोपावरको अस्वाभाविक ढंगले ओरालो लागेको छ ।

हाइड्रोपावरको शेयर मूल्य ओरालो लाग्नुका धेरै कारण भए पनि मूल कारण हाइड्रोको उत्पादन लागत अत्यन्तै महँगो बनाएर लामो समयसम्म सर्वसाधारणलाई मुनाफाबाट अलग राख्नु हो । निजी क्षेत्रबाट हाइड्रोमा लगानी गर्ने कतिपय संस्थापक लगानीकर्ताले एक रुपैयाँ लगानी नगरी सर्भे, डिजाइन र निर्माणमा अत्यधिक बढी मूल्य देखाएर आफ्नो करोडौंको शेयर सित्तैमा कायम गराउने गरेका छन् । जसले गर्दा लामो समयसम्म उत्पादनले नाफा दिन सक्दैन ।

त्यसैगरी ५ वर्षभित्रमा उत्पादन गर्ने भनेर संस्थापक शेयरका रुपमा रकम हाल्न लगाएका शेयर धनीहरु ७ वर्षसम्ममा पनि उत्पादन नहुँदा ठूलो नोक्सानी झेलिरहेका छन् । हाइड्रोपावरमा ठूलो **बाँकी ८ पेजमा**

## ग्रेटर नेपालबारे बोलेनन् ओली

काठमाडौं । प्रधानमन्त्री केपी ओली यतिबेला युरोपका तीन देशको भ्रमणमा छन् । स्वीटजरल्यान्डपछि ब्रिटेन हुँदै उनी फ्रान्स पुगेका छन् । समृद्ध नेपाल सुखी नेपालीको लोकप्रिय नारा घन्काएका ओलीको युरोप भ्रमणले नेपालमा लगानी भित्र्याउन सहयोग गर्ने अपेक्षा गरिए पनि त्यो मृगमरिचिका सावित भएको छ । ओलीको युरोप भ्रमणमध्येको ब्रिटेनको भ्रमण खास चर्चामा छ । जहाँ उनले सन् १९४७ को नेपाल भारत र ब्रिटेनबीच सम्पन्न त्रिपक्षीय सन्धि पुनरावलोकनको माग गरे । यो सन्धि ब्रिटिश सेवामा काम गरिरहेका र पेन्सन पकाएका गोर्खाको समस्याको मुख्य आधार रहेको छ । यही सन्धिलाई देखाएर ब्रिटिस सरकारले गोर्खा सेनामाथि भेदभाव गरिरहेको छ । ब्रिटिस सेनाले पाउने सेवा सुविधा आफूहरुले पनि पाउनुपर्ने माग गर्दै गोर्खाहरु ब्रिटिस सरकारसँग संघर्षरत छन् । कुनै पनि प्रधानमन्त्रीले गोर्खा सैनिकको समस्याका बारेमा ब्रिटिस सरकारसँग कुरा नउठाएको गुनासोको यसपटक ओलीले सम्बोधन गरेका छन् ।

ब्रिटेन भ्रमणका क्रममा ओलीले अक्सफोर्ड युनियनमा सम्बोधन, राजकुमार ह्यारीसँग भेट र ब्रिटिसी विश्व सेवालाई अन्तर्वार्ता दिए । यसका अलावा उनले प्रधानमन्त्री थेरेसा मेसँग टेन डाउनिङ स्ट्रिटमा राजनीतिक वार्ता गरे । ब्रिटिस संसदका प्रतिपक्षी दलका नेता जेरेमी कोर्बिनसँग पनि उनले भेटघाट गरे । ब्रिटिस प्रधानमन्त्रीसँगको ओली संवाद त्यसै पनि अर्थहीन छ, किनकि उनले आफ्नो दलको नेताबाट राजीनामा दिएर उनी केयरटेकर प्रधानमन्त्रीका रुपमा रहेकी छन् । केयरटेकर सरकार प्रमुख रहेको कुनै पनि देशमा अन्य सरकार प्रमुखहरुले भ्रमण गर्दैनन् । ओलीको ब्रिटेन भ्रमणले नेपालको कूटनीतिक वचकनालाई उदांगो बनाएको छ ।

प्रधानमन्त्री ओलीले ब्रिटेन भ्रमणका क्रममा नेपाल ब्रिटेनबीचको घनिष्ट सम्बन्धको मुक्तकण्ठले प्रशंसा गरे । नेपाल ब्रिटेनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको २०३ वर्ष पुगेको छ । सन् १८१४ मा ब्रिटेनले नेपालमाथि युद्ध थोपरे । यो युद्ध सन् १८१६ मा सुगौली सन्धिपछि समाप्त भएको थियो । युद्धरत समयमै ब्रिटेनले गार्खा भर्ती सुरु गरेको थियो । भारतमा आफ्नो साम्राज्य टिकाउन र विस्तार गर्न एवं मलाया (हाल मलेसिया) को कम्युनिस्ट विद्रोह दबाउन गोर्खाली सेनाले महत्वपूर्ण भूमिका खेलेका थिए । अहिले पनि ब्रिटिस सैनिक सेवामा तीन हजार गोर्खाली छन् । ब्रिटिसहरुले आन्तरिक विद्रोह दबाउनदेखि बाह्य युद्धमा गोर्खाली सैनिक प्रायः खटाउने गरेको छ । फोकल्यान्ड युद्धमा गोर्खा ब्रिटिस सेनाले अर्जेन्टिनी सेनालाई हराएका थिए । फोकल्यान्ड टापु आफ्नो भएको अर्जेन्टिनाले दाबी गरेको थियो । तर ब्रिटेनले आफ्नो भूभाग भन्दै अर्जेन्टिनाविरुद्ध लडेको थियो । ब्रिटिस उपनिवेशकालमा लखनउमा सैनिक विद्रोह भएको थियो । त्यो विद्रोहलाई दबाउन नेपाली सैनिक लिएर जंगबहादुर राणा त्यहाँ पुगेका थिए र विद्रोह दबाएका थिए । अंग्रेजहरु खुसी भएर नेपाललाई बाँके बर्दिया कैलाली र कञ्चनपुर नयाँ मुलुकका रुपमा फिर्ता दिएका थिए ।

सन् १७५७ मा पाल्सीको युद्धमा बंगालका नवावलाई हराएपछि इस्ट इन्डिया कम्पनीको शासन सुरु भएको थियो । अंग्रेजहरुले राज्य विस्तार गर्ने क्रममा नेपालमाथि पनि पटक पटक आक्रमण गरेका थिए । उपत्यका कब्जा गर्न सिन्धुलीसम्म आइपुगेका अंग्रेजहरुलाई नेपाली सेनाले त्यहीँबाट लखेटेको थियो । सिंगो नेपाल लिन नसके पनि अंग्रेजहरुले सुगौली सन्धिद्वारा नेपालको एकतिहाई भूभाग कब्जा गरे । दोस्रो विश्वयुद्धको अन्त्यसँगै शक्ति राष्ट्रहरुको संरचनामा आएको व्यापक परिवर्तनले ब्रिटेन **बाँकी ८ पेजमा**

## लक्ष्यभन्दा कम विद्युत उत्पादन

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको असार मसान्तसम्म दुई सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो । तर वर्ष सकिन एक वर्ष बाँकी रहँदा प्राधिकरण र निजी क्षेत्र दुवै जोड्दा १४४ मेगावाट मात्रै उत्पादन हुँदैछ ।

यो यथार्थताले प्राधिकरणले चालु आवमा विद्युत् उत्पादन गरी लक्ष्य हासिल गर्ने संकेत देखिँदैन । प्राधिकरणले चालु आवमा निजी क्षेत्रबाट **बाँकी ८ पेजमा**

## चित्रकला प्रतियोगिता सम्पन्न






काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका वडा नं ५ मा अवस्थित नमुना सामुदायिक विकास समाज नामक सामाजिक संस्थाको आयोजना तथा यु एन ह्याबिट्याट केन्याको सहयोगमा हालै तारकेश्वर नगरपालिका वडा नं छ मा रहेको गोलढुंगा स्वास्थ्य चौकीको सभाहलमा गोलढुंगाब्यापी अन्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ ।

**बाँकी ८ पेजमा**

सन्दर्भ सन्दर्भ

## कहिलेसम्म मौलाइरहने भ्रष्टाचार ?

**अमूल्य थारु**

मुलुकको आर्थिक अवस्था दिन प्रतिदिन संकटको दिशातिर मात्र उन्मुख छ । आयात र निर्यातको अकल्पनीय दूरीले मुलुकको संचित विदेशी मुद्रा सकिँदै गएको छ । भारतनिर्भर आयात निर्यात व्यापारको असन्तुलनले डलर बेचेर भारतीय रुपैयाँ खरिद गर्नुपर्ने अवस्थाको सिर्जना भइरहेको छ । अर्कोतिर करोडौं करोडको आर्थिक अनियमितताका घटनाहरु घटिरहँदा पनि सम्बन्धित निकाय मौन जस्तै देखिएका छन् । अधिकारको दुरुपयोग गरी गैरकानुनी काम गर्नहरुमाथि अनुसन्धान गर्न र कार्बाहीका लागि मुद्दा चलाउने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैं भ्रष्टाचारको अखडा बनेको छ ।

मुलुकमा विधिविहीनता र दण्डहीनताको चर्को नमुना प्रदर्शित छ । आर्थिक अनियमितता गर्नेहरु भागवन्डा लगाएकै भरमा मुक्त हुने र सम्मानित जीवन बिताउन पाउने अवस्थाको सिर्जना भैरहेको छ । ठूलठूला भ्रष्टाचारको कुरा जति प्रचारमा आए पनि त्यसमाथि आवश्यक कार्बाही हुने स्थिति छैन ।

अर्कोतिर जनताले दैनिक जीवनमा भोगिरहेका भ्रष्टाचारका घटनाहरुको लेखाजोखा नै छैन । मालपोत, कर, राजस्व लगायतका क्षेत्रमा हाकाहाकी भ्रष्टाचार हुने गरेको छ । जग्गाको नापनक्सा, नयाँ जग्गाधनी प्रमाणपुर्जाको प्राप्ति लगायतका कामका लागि जनताले ठूलो रकम सम्बन्धित निकायका पदाधिकारीहरुलाई बुझाउनुपर्ने अवस्था अद्यावधि छ । मालपोतमा दिनहुँजसो लाखौंको चलखेल भैरहेका छन् । नयाँ नापी अनुसार जग्गाधनी प्रमाणपुर्जा लिन आउनेहरुलाई साविक भोगचलन गरेको जग्गा पनि बढेको भन्दै चर्को रकम माग्ने गरिएको छ । त्यस्तै पर्ती र सार्वजनिक जग्गा कुनै सँधियारवाला जग्गाधनीलाई मिलाइदिएवापत झन धेरै रकमको माग हुने गरेको छ । चावहिल, बसुन्धरा, कलंकी, डिल्लीबजार लगायतका मालपोत कार्यालयमा हरेक दिन यस्ता अनियमिता भैरहेका छन् ।

सरकारी ओहोदाधारीहरुले जनताको शोषण गरिरहेका छन् । तर कार्बाही गर्ने निकाय मौन छ । अख्तियार, राष्ट्रिय सतर्कता केन्द्र, राजस्व, राष्ट्रिय सरोकार, राष्ट्रिय अनुसन्धान जस्ता निकायहरुले आफ्नो जिम्मेवारी नै भुलिरहेका छन् । भ्रष्टाचारका विवरण यतिमा मात्र सीमित छैन । यी जनतासंग सिधै मागिने रकम हो भने अर्कोतिर दैनिक उपभोग्य वस्तुमा गरिने मिसावट, नापतौलमा हुने ठगी, कृतिम अभाव सिर्जना गरेर बढाइने मूल्य र तोकिएकोभन्दा बढी मूल्य लिएर गरिने बिक्रीको कुनै लेखाजोखा नै छैन । यसले जनतामा व्यापक निराशा र आक्रोश मात्र उत्पन्न गरिरहेको छ ।

राजनीतिक क्षेत्रमा देखिएको भ्रष्टाचारको नालीबेली फुकाउन नसकिने भइसकेको छ । मन्त्रिपरिषदका अधिकांश सदस्यहरु तरल राजनीतिक अवस्थाको फाइदा उठाउँदै भ्रष्टाचार र अनियमिततामा लिप्त रहेका तथ्यहरु प्राप्त भएका छन् । मन्त्रीहरुले मच्चाएको आर्थिक अनियमितता र भ्रष्टाचार काण्डबारे प्रधानमन्त्री जानकार हुनुहुन्छ । तर, मन्त्रीहरु भ्रष्टाचारमा डामिँदासमेत उहाँ मौनव्रतमा बस्नुभएको छ । प्रधानमन्त्रीले पनि अधिकारको चरम दुरुपयोग गर्दै राष्ट्रिय ढुकुटीमा हालीमुहाली गरिरहेको अवस्था छ ।

मेलम्ची खानेपानी आयोजनामा करोडौं अनियमितता गरेर ठेकेदार भागेको समाचार आइसकेको छ । खानेपानी **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल
प्रा.डा.चन्द्रबहादुर जोशी

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# विवादमा सरकार

एकपछि अर्को गलत रवैया देखाएका कारण सरकार विवादको घेरामा नराम्रोसँग फस्दै गएको छ । संघीयताको नयाँ संरचना अनुरूपका ऐन, कानुन बनाउने क्रममा सरकारले प्रदर्शन गरेको एकलौटी दम्भ, निरंकुश चरित्र र मिचाहा, हेपाहा प्रवृत्तिले जनतामा आक्रोशको भावना बढाइरहेको छ । सरकारले ल्याएका धेरैजसो विधेयक विवादमा परेका छन् । एकपछि अर्को गर्दै विधेयकले चरम ढंगको विवाद निम्त्याएपछि सरकार अलमलको भूमरीमा फसेको छ ।

आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विधेयक, मिडिया काउन्सिल विधेयक, गुठीसम्बन्धी विधेयक, मदिरा उत्पादन बिक्रीसम्बन्धी विधेयक, राष्ट्रिय मानव अधिकार विधेयक, विश्वविद्यालयसम्बन्धी विधेयक लगायतका विधेयकहरू संसदमा विवादित भएपछि सरकारले पारित गर्न सकेको छैन । सरकारले प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएका राहदानीसम्बन्धी विधेयक समेत राष्ट्रपतिबाट फिर्ता भएपछि विधेयक ल्याउने क्रममा सरकार पूरै हचुवा नीतिको पछि लागेको स्पष्ट हुन्छ ।

सरकारले आम सञ्चारका माध्यमलाई पूरै नियन्त्रण गर्न र पत्रकारको घाँटी अँठ्याउने उद्देश्यले ल्याएको मिडिया काउन्सिल विधेयकका विरूद्धमा सिंगो प्रेस जगत लामो समयदेखि आन्दोलित बन्दै आएको छ । पत्रकारिता क्षेत्रबाटै राजनीतिमा फड्को मारेका सञ्चारमन्त्री गोकुल बाँस्कोटा विधेयक जस्ताको तस्तै पारित हुने भन्दै दम्भ प्रदर्शन गरिरहेका छन् ।

संविधानले मौलिक हकको रूपमा प्रदान गरेको वाक् प्रकाशन स्वतन्त्रतामा अंकुश लगाएर निरंकुशता लाद्न खोज्ने सरकारका नीतिविरूद्ध नेपाल पत्रकार महासंघले चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम अघि सारेको छ भने मुलुकको बुद्धिजीवी समुदाय, नागरिक समाज, पेशागत संघसंगठनहरूले प्रेस जगतको जायज लडाइँमा ऐक्यबद्धता जाहेर गरेका छन् । सरकारले दुईतिहाईको दम्भमा मुलुकमा मच्चाएको भ्रष्टाचार, असुरक्षा, नातावाद कृपावाद, महँगी, बेरोजगारी, राष्ट्रघातका विपक्षमा प्रेसले खरो ढंगले आलोचना गरी सरकारको मुकुन्डो उघारिदिएको थियो । सरकारलाई यो कुरा विल्कुलै पाच्य भएन । त्यसैले प्रेसमाथि हमला गर्न नग्न रूपमा उत्रिएको छ ।

प्रेसका अलावा आदिले गुठीसम्बन्धी विधेयकले जनतालाई आन्दोलित बनाएको छ । सरकारले परम्परागत रूपमा चलेका गुठीको अस्तित्व समाप्त पार्ने उद्देश्यका साथ विधेयक ल्याएको भन्दै गुठियार र संरक्षणकर्मीहरू आन्दोलनमा उत्रिएका छन् । सरकारले ल्याएको गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक २०७५ को दफा २३ मा गुठीको हक र दायित्व प्राधिकरणमा सर्ने भनिएको छ । उक्त दफाले गुठियारको हक र दायित्व स्वतः समाप्त हुनेछ । गुठीसम्बन्धी जानकार हरूका अनुसार गुठी खारेज भएर प्राधिकरणमा गएपछि निजी गुठीका जग्गा मठ, मन्दिर, अतिक्रमण गर्नका लागि कर्मचारी र भूमाफियालाई सहज हुनेछ । यो विधेयकले गुठियारको सम्पूर्ण हक समाप्त गर्नुका साथै सम्पदा संरक्षण गर्ने नागरिकको दायित्व समेत समाप्त पार्नेछ । त्यसैले परम्परागत संस्कृति, सम्पदा र धर्मरक्षाका लागि गुठियार संस्कृतिकर्मी सडकमै ओर्लिएर सरकारविरूद्ध प्रदर्शन गरिरहेका छन् भने सरकार दमनमा उत्रिएको छ ।

एकपछि अर्को गर्दै विवादमा तानिएको सरकारले मानव अधिकार आयोग, विश्वविद्यालयको स्वायत्ततामा समेत धावा बोलेको छ भने सुरक्षा निकायलाई समेत आफ्नो अनुकूल एकलौटी ढंगले सञ्चालन गरी निरंकुशता लाद्ने दीर्घकालीन रणनीति अंगिकार गरेको छ । सरकारको कार्यशैली र पेलाहा नीतिको सर्वत्र आलोचना भइरहेको छ । सरकारले समावेशिताको सिद्धान्त र संघीयताको मर्म विपरीत लोकसेवालाई विज्ञापन गर्न लगाएका स्थानीय तहका कर्मचारी भर्नाको विषय पनि विवादमा परेको छ । सर्वोच्च अदालतले समेत समावेशिताको सिद्धान्त प्रतिकूल हुने गरी प्रकाशित विज्ञापन किन रद्द नगर्ने भनेर सरकारसँग कारण मागेको छ । चौतर्फी विवादको घेरामा परेको सरकारले आफ्नो हेपाहा नीति र निरंकुश शैली अविलम्ब नसच्याएमा आम नागरिक सरकारविरूद्ध विद्रोहमा निस्कन सक्ने खतरा मुलुक सामु उत्पन्न भएको छ । यसतर्फ सरकार बेलैमा सचेत बनोस् ।

# परराष्ट्र नीति संचालनमा पनि सरकार बेकम्मा सावित

**सुरेन्द्र ढकाल**




नागरिकता विधेयकको कारण आम राष्ट्रवादी जनताहरुको विरोध, मिडिया परिषद विधेयकको कारण आम संचार क्षेत्रको विरोध, मानवअधिकार विधेयकको कारण आम मानव अधिकारकर्मीको विरोध खेपिरहेको सरकारको अलोकतान्त्रिक आचरण, व्यवहार र असक्षमता दिनदिनै नांगिदै गइरहेको बेला सरकार परराष्ट्रनीति र आर्थिक कुटनीति संचालन गर्ने कार्यमा पनि असफल बन्दै गइरहेको छ ।

परराष्ट्रको मापदण्ड विपरित राजदुत नियुक्ति गरेकोमा स्वयं परराष्ट्र मन्त्रालय मात्रै नभै परराष्ट्रविद् र कुटनीतिज्ञहरु पनि सरकारको कामदेखि पटक्कै सन्तुष्ट देखिँदैनन् । झन त्यसमाथि सरकार प्रमुखको अनुत्पादक विदेश भ्रमणले राष्ट्रिय ढुकुटीको खुला दोहन भएको संचार क्षेत्रले औंल्याउनुले सरकार असक्षम र राष्ट्रप्रति बेइमान बन्दै गएको देखिएको छ । खास अर्थमा विभिन्न देशमा रहेका नेपाली राजदुतावास र महावाणिज्य दुतावासहरु नेपालको निर्यात र पर्यटन प्रवर्द्धनमा बेस्सरी लागि पर्नुपर्ने हो र ती देशहरुमा हरेक वर्ष एक पटक नेपाल ब्यापार र पर्यटन प्रवर्द्धन मेलाको आयोजना गर्नुपर्ने हो, राजदुतावास र कन्सुलेटहरुमा नेपाली निर्यातयोग्य वस्तुहरुको नमुना प्रदर्शनी स्थायी रुपमा संचालन गर्नुपर्ने हो तर त्यस्तो केही पनि हुन सकेको छैन । कुटनीतिको कखरा नजानेका व्यक्तिहरुलाई राजदुत बनाएकै कारण न त देशभित्र प्रत्यक्ष विदेशी लगानी भित्राउन यस्ता राजदुत र महावाणिज्यदुत सफल भएका छन् न विदेशी सहयोग प्राप्त गर्न । यिनीहरु राजाको काम कैले जाला घाम भन्दै तलव पचाउँदै आएका छन् । कुटनीतिक क्षेत्र पनि कार्यकर्ता भर्तिको थलो बन्न गएको कारण देशले जुन विशाल ब्यापार घाटा ब्यहोरिहेको छ त्यसलाई कम गर्न अचुक कुटनीतिक संचालन गर्न सक्ने व्यक्ति चयन हुन सकेका छैनन् र यसै गरी आर्थिक कुटनीतिलाई यथार्थमा उतार्ने प्रयास गर्नुको सट्टा सरकार त्यसको ठ्याक्कै १८० डिग्री उल्टोमा काम गरी देशलाई भीरतर्फ धकेलिरहेको छ ।

पैसा पाइन्छ भन्दैमा नेपालको असंलग्न परराष्ट्र नीति विपरित गइ इण्डो प्यासिफिक स्टाट्रेजीको शर्तहरु मान्नु अनि अर्कोतर्फ विआरआईले देखाएको समृद्ध नेपालको नक्साप्रति उदासिन हुने प्रवृत्तिको कारण पंचशीलमा आधारित नेपालको असंलग्नता पनि धरापमा परेको छ । जब नेपाल दुबै छिमेकीसँग सन्तुलित कुटनीतिक ब्यवहार प्रदर्शन गर्न सक्तैन भने यो देश अन्तर्राष्ट्रिय चलखेलको केन्द्रविन्दु बन्न पुग्ने छ र आफ्नो स्वतन्त्र पहिचान गुमाउने छ भन्दा अत्युक्ति नहोला ।

नेपालको कुटनीतिक इतिहासमा यस्ता केही सुनौला दिनहरु पनि थिए जुनबेला दुवै महाशक्ति राष्ट्र अमेरिका र सोभियत संघ अनि दुबै छिमेकी राष्ट्र भारत र चीन नेपालको आर्थिक र सामाजिक विकास गर्ने कार्यमा प्रतिष्पर्धी रुपमा उत्रेका थिए तर अहिले दुवै खेमा नेपालप्रति शसंकित हुन पुगेको अवस्था छ जुन भनेको नेपाली स्वाधिनता र स्वाभिमानमा संकटको वादल मडारिनु हो । जुन रबैया दुईतिहाइको भनिएको सरकारले परराष्ट्र र कुटनीतिक क्षेत्रमा देखाइरहेको छ त्यसले देश गन्तब्यविहिन हुन पुगेको छ भने परराष्ट्र नीति संचालनमा पनि सरकार बेकम्मा सावित भएको छ ।

# न्यायिक महत्व र वाक् प्रकाशन स्वतन्त्रताकै पक्षमा



**जगदीश लामिछाने**
रौतहट, पौराई

अहिले हाम्रै आँगनमा एउटै कम्युनिस्ट पार्टीका दुई अध्यक्षको रस्साकस्सी देखिँदैछ । दोस्रा अध्यक्ष पुष्पकमलका सहयोद्धा बाबुराम भट्टराईलाई कम्युनिज्म पथमै मोहभंग भएको अवस्था छ । अरु तराईवादी र जातिवादी त एकांगी नै भए । पूर्वराजा ज्ञानेन्द्रबारे सनसनीपूर्ण लेखहरु पी खरेलको नयाँ पत्रिकामा र आदित्यमानको अन्नपूर्णमा यही १० दिनभित्रतिरै छापिएका छन् अरु त पूर्व लेखहरुमै छन् ।

यस्तो स्थितिमा कम्तीमा पनि यथार्थवादी प्रगतितिर सत्तासीनहरुको ध्यान जानुपर्छ कि पर्दैन ? यसरी ध्यान दिन सकिएन भने वि.स. १८७१, २००७, २०४६ र २०६२ को दुःख दोहोरिएर हामीले दुःख पाउने निश्चित छ । २०४६ कै कुरा गरौं न, त्यस बखत राजा वीरेन्द्रले भइरहेको पञ्चायतको व्यावहारिक कमजोरी सुधार्नुको सट्टा संविधान नै अर्को बनाएर नेकाका नेता कृष्णप्रसाद भट्टराईलाई भारतमा नुन माग्न पठाए । के यसबाट नै त्यसैपछिको-

(क) २०५२ को माओवादी विद्रोह रोकियो त ?

(ख) २०५८ जेठ १९ गतेको राजाको आफ्नै वंशविनाश हट्यो त ?

यसैकारण यहाँ केवल दुई विषयमा सत्ताले होस पुऱ्याउनुपर्छ भन्ने लागि यो रचना तयार गरिएको छ ।

**(१) देशको व्यावहारिक, सैद्धान्तिक र शैक्षिक धरातलमा न्याय :** एउटा अंग्रेजी भनाइ नै छ action speaks louder than the words अर्थात् कामले नै भनाइले भन्दा बढी प्रभाव पार्छ । वर्तमान अवस्थामा सबै राजनीतिक दलहरु आफ्ना कार्यकर्ता रिझाउनमै व्यस्त छन् । जातीय र क्षेत्रीय दलले पट्टी बाँधेका घोडालेझैँ आफ्नै वर्गमात्र हेर्दा झन् समस्या बढेको छ ।

राजा स्वयंले पनि आफूलाई देवत्व वा काल्पनिक सर्वज्ञत्व राख्नाले युगयुगमा दुःख पाएका हुन् । तैपनि एउटा कुरा २०६२ पछि राजतन्त्र उन्मूलन यता देश प्रेमी सत्ताप्रेमी आफैं मात्र हुँ भन्नेको पूर्वराजाको सल्लाह बहिष्कार ठूलो कमजोरी हो भनी बराबर यो हरफकर्ताले यसै स्तम्भ लेखमा भन्दै आएकै हो । यसपछि पनि पुरानै दुर्गुण विदेशी प्रायोजित नेपालमा सत्ता आयो भने त्यस्तो अवस्था पूर्वराजालाई नै पनि राम्रो हुने छैन र देशको २५०० वर्षको लगातार राजसंस्था पुनः बदनाम हुनेछ । हामी कसैका लागि पनि हितकर हुने छैन ।

२०७६-२-२३ मा अन्नपूर्ण पोस्टमा दोस्रो पृष्ठमा एउटा समाचार आयो । सर्वोच्च अदालतमा २५०० फैसला लेख्न बाँकी रहेछ । हाम्रा समाजका शिक्षित बहसकर्ता र स्नातक आफ्नै विषयका यिनै न्यायाधीश नै हुन् त ? यिनैको नक्कल गरेर विभिन्न यही देशका अदालतहरुले पनि ७००० फैसला लेख्न बाँकी राखेको त्यसै समाचारमा छ । आफ्ना एकल वा संयुक्त निर्णयहरुको फैसला खेस्रा गरेर उहाँहरुले आफ्ना टाइपिस्टहरुलाई श्रीमानहरुले नै ७।१० दिनभित्रै बुझाउनुपर्छ यति भनौं ।

यो एउटा वर्तमान शिक्षाकै रोग हो । यसबाट निम्न तहका ना.सु., डिठ्ठा, विचारी त झन् कमजोर हुने नै भए । रोगी हुने नै भए । १. प्रशासन २. विज्ञान ३. अर्थ ४. स्वास्थ्य र ५. वैदेशिक ६. कृषिमा पनि आफ्नै आफ्नै माथिल्लै दर्जाकै कारणबाट कमजोर नै भएर रोगी हुने नै भए । समग्रमा भन्नुपर्दा यो हाम्रो वर्तमान विश्वविद्यालयहरुकै कमजोरी हो । यस्तो कुरामा समस्त विश्वविद्यालयहरु र तिनका उत्पादनमा तुरुन्त कार्यमूलक सुपरीवेक्षण बढाउनैपर्छ ।

अर्को कुरो यो शीर्षक नै न्यायको हुनाले सबभन्दा ठूलो कुरो विश्वप्रसिद्ध न्यायका स्थिर सिद्धान्तका अशिक्षितै गोरक्षावादीले पनि अनुशरण गरेर ३०००।२५०० वर्षदेखि जोगाएको हिमवतखण्ड नेपालको स्वतन्त्रता तीन बल्ड्याङ खान बेर छैन । त्यसबखत हामी सबै शरणार्थी हुनुको विकल्प नै छैन । हाम्रो न्याय नै डगमगाएपछि नेपाली प्रजातन्त्र जोगिने कसरी ? न्याय आफैं जोगिन्छ त एक्लै ?

**२. वाक् तथा प्रकाशन स्वतन्त्रता :** अहिले संसदमा विचाराधीन विधेयकबाट हाम्रो वाक् तथा प्रकाशन स्वतन्त्रता नियन्त्रण हुनेछ भन्ने ठूलो हल्ला छ । सरकार चाहिँ पत्रकारहरुलाई हल्ला मात्र गर्ने हो ? भन्छ । उसले आफ्नै कानले वाक् स्वतन्त्रताको फाइदा लिनेछ भने आफ्नै आँखाद्वारा प्रकाशन स्वतन्त्रताको फाइदा पाउँछ । नेपाली प्रकृति र सम्पदालाई बहुमुखी प्रगतिमा जान पनि सहयोग पुग्ने नै छ । उसबेला प्रधानन्यायाधीश विदेशी हरिप्रसाद प्रधानलाई राजा महेन्द्रले बिदा गरेझैँ विदेशी प्रभाव घटाउन पनि मद्दत पुग्ने नै छ र मध्यपहाडी आदि पूर्वाधार पूर्व पश्चिम राजमार्ग तयार गर्न पनि बल पुग्ने नै छ । अहिले जस्तो निष्क्रिय सांसदहरु हैन सक्रिय र यो हिमवतखण्ड समग्र नेपाललाई नै माया गर्ने सांसदहरुको नै मनोबल पनि बढ्ने नै छ ।

## सम्पादकलाई चिठ्ठी

### सांसदलाई ६ करोड किन ?

*सम्पादकज्यू,*

नेकपाका नेता देवेन्द्र पौडेलले आफ्नो फेसबुक पेजमा लेखेछन्- 'सांसदहरुको नाक जोगाउन सांसदहरुलाई १० करोड दिनुपर्छ' त्यसको प्रत्युत्तरमा डा.अरुणा उप्रेतीले लेखिन्- धन्यवाद देवेन्द्रजी अब यो पनि भनिदिनुपर्ला : मुटु र फोक्सो जोगाउन २० करोड अनि गुप्तांग जोगाउन ५० करोड । यो प्रसंग थियो विवादित निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम नामको बजेट बारेको ।

अर्थमन्त्रीले बजेटको तयारी गर्दैगर्दा सांसदहरुले यस कार्यक्रमका लागि १० करोड माग गरिरहेका थिए । सांसदहरुले बजेट लिने तर कामै नगरेका कारण उनीहरुलाई बजेट दिनु हुन्न भन्ने आवाज विज्ञहरुले उठाउँदै आएका थिए ।

चालु आर्थिक वर्षमा निर्वाचन क्षेत्र विकासका लागि ४ करोड बजेट सांसदहरुलाई दिइएको थियो । अहिले निर्वाचन क्षेत्र ६ करोडका दरले ९ अर्ब ९० करोड रुपैयाँ विनियोजन गरिएको छ । सांसदहरुलाई पैसा बाँड्ने काम संविधानको मूल मर्मविपरीत भएको र यसले विकासमा खासै फरक नपर्ने भन्दै यसलाई हटाउने सुझाव विज्ञहरुले दिएका थिए । संघीय संसदभित्र पनि प्रत्यक्ष निर्वाचन प्रतिनिधिसभा सांसदहरुलाई निर्वाचन क्षेत्र विकासका लागि दिने गरिएको बजेट समानुपातिक सांसद र राष्ट्रिय सभाका सांसदले विरोध गर्दै आएका थिए । सांसदको काम कानुन बनाउने हो, पैसा बाँड्ने होइन, उनीहरुको भनाइ थियो ।

पहिले स्थानीय तहमा जनप्रतिनिधि नहुँदा यो कार्यक्रम आवश्यक भए पनि तिनै तहका सरकारमा जनप्रतिनिधि आएपछि यो कार्यक्रम हटाइनुपर्थ्यो । सांसदलाई यसरी पैसा दिनुले निर्वाचन पद्धतिलाई नै कुरुप बनाइरहेको छ । उनीहरुले यो रकम मतदाता आकर्षित वा खरिद गर्न प्रयोग गर्छन् । जसका कारण नयाँ उम्मेदवार जो पैसा त्यति खर्च गर्न सक्दैन, उनीहरुले चुनावमा पैसावाल उम्मेदवारसँग लड्न् सक्दैनन् । स्थानीय तहको विकास गर्न स्थानीय सरकार छ फेरि किन सांसदलाई निर्वाचन क्षेत्र विकासका नाममा पैसा दिएर स्थानीय तहको भूमिकालाई गौण बनाइन्छ ? बरु सांसदलाई दिने पैसा स्थानीय तहलाई नै थप गरिदिए विकास गाउँ/नगरबाटै सुरु हुन्छ । आफ्नो गाउँ आफैं बनाउँ अभियान उत्साहप्रद रुपमा अघि बढ्छ ।

**विकास आचार्य**
गठ्ठाघर, भक्तपुर

### खै नैतिकता ?

१७ जेठमा प्रकाशित ग्रेटर नेपाल साप्ताहिकको 'पौडेललाई नेविसंघको क्षतिपूर्ति' शीर्षकको समाचारले भ्रष्ट राजनीतिज्ञप्रति तिखो व्यंग्य प्रहार गरेको छ । सत्तारुढ नेकपामा महासचिव रहेका र विगतमा अर्थमन्त्रालयको कार्यभार समेत सम्हालेका पूर्वअर्थमन्त्री विष्णु पौडेलले बालुवाटारको विवादित जग्गामध्ये आठ आना आफ्ना छोरा नवीन पौडेलका नाममा दर्ता गराएको समाचार बाहिर आएपछि त्यसको बचाउमा सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार मन्त्री गोकुल बास्कोटा सबभन्दा अघि सरेका थिए । उनले पौडेल ठगिएका र उनलाई क्षतिपूर्ति दिइनुपर्ने भनाइ सार्वजनिक गरेका थिए । मुख्य प्रतिपक्षी दल नेपाली कांग्रेसको भगिनी संगठन नेपाल विद्यार्थी संघले जनही १/१ रुपैयाँ उठाएर पौडेललाई क्षतिपूर्ति दिन सुरु गरेको समाचारले सर्वसाधारणलाई समेत लज्जित बनाएको छ ।

बलुवाटारको सरकारी जग्गामा विष्णु पौडेलको भूमाफियाहरुसँग मिलिभगत भएको प्रस्ट हुन्छ । पौडेलले शक्तिको दुरुपयोग गरी भूमाफियाहरुको पक्षमा क्याबिनेट निर्णय गराउन सशक्त भूमिका खेलेको हुन सक्ने सर्वत्र अनुमान छ । ललिता निवास जग्गा प्रकरणमा माधवकुमार नेपाल समेत मुछिएका छन् । पौडेलले आठ आना जग्गा किनेको नभई भूमाफियाहरुले नजराना दिएको बताइन्छ । पौडेलले सो जग्गा किन्न पैसा कहाँबाट ल्याए ? बुटवलको पैत्रिक सम्पत्ति बेचेका छैनन् । उनी राजनीति गर्छन् न कि कुनै मालदार ठाउँका जागिरे नै हुन् । राजनीति बिशुद्ध समाज सेवा हो । तर यसलाई व्यवसाय बनाउने पौडेलले नैतिकताका आधारमा महासचिव पदबाट राजीनामा दिएर अनुसन्धानलाई सहज बनाउनुपर्ने होइन ? खै राजनीतिमा नैतिकता ?

**रामकुमार पुडासैनी**
कपन, काठमाडौं

### सहयोगको अपिल

काठमाडौं बुद्धनगर बस्दै आएकी युवा कवयित्री प्रीति कौरकी आमाको दुबै किड्नी फेल भएर विगत तीन बर्षदेखि मिर्गौला पीडित हुनुहुन्छ र उपचारका लागि आर्थिक सहयोगको याचना गर्नुभएको छ । मैले आफूले चिने जानेका र मन खाने सहयोगी साथीहरुलाई आरम्भ साहित्य संस्थामार्फत अनुरोध गर्दै आएको छु । यहाँले पनि आफ्नो अनलाइनमार्फत यो अपिल प्रकाशन गरिदिए मानव कल्याणकारी काम हुने थियो भनी यो अनुरोध गर्दछु । साथै यहाँको संस्थागत तथा व्यक्तिगत सहयोगको लागि पनि अनुरोध गर्दछु । धन्यवाद ।

**प्रेम वली ढकलपुरे**
अध्यक्ष, आरम्भ साहित्य मञ्च
काठमाडौं, नेपाल
सम्पर्क : प्रीति कौर ,फोन : ९८४००३०३१३

# मैले देखेको सयौं विश्व सम्पदाः

# ब्रेमेनको रोलान्डको मूर्ति र भित्री शहर

सुरेन्द्र ढकाल



बजार स्क्वायरमा पर्यटकहरू



बजार स्क्वायरको बीचमा रहेको मण्डला जस्तो देखिने रंगीन क्रस



ब्रेमेन बजार स्क्वायर अगाडिबाट हेर्दा



भित्री बजारको सबैभन्दा प्राचीन खण्ड यस्तो रहेछ



स्क्वायरमा ठडिएका सुन्दर तथा प्राचीन आकर्षक भवनहरू





स्क्वायरको बीचमा रहेको रोलान्डोको मूर्ति र यसले बोकेको नांगो तरबार र दुई टाउके चील भएको ढाल

ब्रेमेनको टाउनहल हेरिसकेपछि म डेरा फर्किएँ। फेरि अर्को दिन सिनेटको काम सकी तीन बजे म सोही ब्रेमेनको भित्री बजार क्षेत्र (मार्केट स्क्वायर) रोलाण्डको मूर्ति र भित्री बजार क्षेत्रमा रहेका पुराना घरहरु हेरेर दुई घण्टा बिताए।


**रोलाण्डको मूर्ति**

यो मूर्ति सन १४०४ मा ब्रेमेनको भित्री बजार क्षेत्रमा बनाइ ठड्याइएको रहेछ। त्यहाँको चर्च (क्याथेड्रल) तिर फर्काइ ठड्याइएको यो रोलाण्डको यो मूर्तिलाई शहरको संरक्षक मानिँदो रहेछ। प्रथम रोमन सम्राट चार्लेम्याग्ने जसलाई रोन्चेभु पास (भन्ज्याङ) को युद्धवीर रहेछन् उनैको मूर्ति हो यो भनिँदो रहेछ। मूर्तिले बोकेको दापविनाको नांगो तरबार र दुई टाउको भएको चील अंकित साम्राज्यको ढाल (इम्पेरियल सिल्ड) लाई बहुमूल्य पुरातात्विक वस्तुको रुपमा लिइँदो रहेछ। करिब साडे पाँच मिटरको उचाइ भएको यो मूर्ति ६० सेन्टिमिटर अग्लो चार कुने गारो (रोस्ट्रम) माथि ठड्याइएको रहेछ। मूर्ति नढलोस् भनेर पछाडि पट्टिबाट मूर्तिसँगै जोडिएको स्तम्भको उचाइलाई समेत जोड्दा मूर्तिको कुल अग्लाई १० दशमलव २१ मिटर हुन आउँदो रहेछ। यो मूर्ति जर्मनीको एल्म भन्ने ठाउँबाट ल्याइएको चुनढुंगामा कुँदिएको रहेछ। पहिले त्यसै ठाउँमा त्यस्तै मूर्ति काठमा कुँदेर बनाइएको रहेछ जुन १३६६ मा भएको आगलागिको कारण जलेर खरानी भएको रहेछ। फेरि जल्ने अवस्था नाआओस भनी ब्रुन्सभीकका आलबेर्टले काठको ठाउँमा चुन ढुंगामा कुँदेर यो मूर्ति बनाउन लगाएका रहेछन। चर्चपट्टि फर्काएर यस मूर्तिलाई ठड्याउनुको अर्थ धार्मिक गुरुहरुले धर्मको नाममा नगरवासीको अधिकारमाथि आफ्नो शासन लाद्न नपाउन भन्ने आशय राखिएको रहेछ। रोलाण्डको मूर्ति पुरानो रोमन साम्राज्य अन्तर्गत रहेका शहरहरुमा राख्ने प्रचलनले नागरिक अधिकारको महत्वलाई बुझाउने कार्य गरेको हुँदा रोलाण्डको मूर्ति जहाँसुकै ठडिएको भए पनि यसलाई स्मारक संरक्षण कानुन अनुरुप संरक्षण गर्ने गरिएको रहेछ। पछि गएर यो मूर्ति ठडिएको स्थललाई युनेस्कोले विश्व सम्पदा क्षेत्र घोषित गरेको रहेछ। मान्छेहरु के विश्वास गर्दा रहेछन भने ब्रेमेन शहरलाई जहिलेसम्म यस मूर्तिले पहरा दिन्छ तबसम्म ब्रेमेन शहर स्वतन्त्र रहनेछ भनिदो रहेछ। मूर्ति अवलोकन गरेपछि म मूर्ति वरिपरि रहेको भित्री बजार र त्यहाँ भएका भवनहरु अवलोकन गर्नतर्फ लागेँ।

**ब्रेमेनको भित्री बजार स्क्वायर**

यो बजार ब्रेमेन शहरको मुटुमा अवस्थित रहेछ र यो हान्जेयाटिक लिगको कुनै बेलाको राजधानी पनि रहेछ। शहरभित्र रहेका विभिन्न चोक (स्क्वायर) मध्ये यो सबैभन्दा पुरानो रहेछ र ३४८४ वर्गमिटरको क्षेत्र ओगटेको रहेछ। बजार स्क्वायर भनिए तापनि यहाँ खाली क्रिसमसको चाडमा बजार लाग्ने र अर्को चाहिँ अक्टोवर महिनाको अन्ततिर लाग्ने हाटबजार रहेछ। यो बजारक्षेत्र र यसको वरिपरिको भाग सन १७९६ मानै बनिसेकेको रहेछ। बजार चोकको बीचको भुइँमा हाम्रो मण्डला जस्तो देखिने गरी मार्वलको हान्जेयाटिक क्रस बनाइएको रहेछ। जसको गोलाइको (डायमिटर) नाप ४ दशमलव ८ मिटर रहेछ। बजारको दक्षिणमा भेसर नदीको शाखा नदी वाल्जे नदी बगेको रहेछ। यो ब्रेमेनको पहिलो व्यापारिक जलमार्ग र पोर्ट पनि रहेछ। नदीमा ससाना डुंगाहरु चलेका देखिँदो रहेछ। १२ देखि १३ शताब्दिको बीचमा यो बजार क्षेत्रलाई समथर बनाई विभिन्न चरणमा गरी प्लास्टर गरिएको रहेछ र यसै प्लास्टरमाथि टाउनहल, लेडी चर्च, रोलण्डको मूर्ति र अन्य भवनहरु खडा गरिएको रहेछ। पछि भित्री बजारलाई सुरक्षित गर्न भनेर बाहिरी बजारमा निस्कन मिल्ने गरी ढुंगे पर्खाल बनाइ घेरिएको रहेछ। बजारको सांस्कृतिक वातावरणको जगेर्ना गर्न भनेर पैदल हिँड्नेहरुको सुविधाको लागि वस्तुहरु बेच्न राखिने स्टलहरुको बीचमा चौडा पैदल मार्ग बनाइएको रहेछ। पछि १८औं शताब्दिको अन्त्यतिर गएर शहरलाई घेरेको भित्री पर्खाल भत्काइ गोलाकार स्तम्भहरु निर्माण गरिएको रहेछ। यस स्क्वायरमा ठडिएका भवनहरु जर्मनीकै सबैभन्दा सुन्दर र आकर्षक भवनहरुमा गनिदा रहेछन्। सबै निर्माणहरु चुन ढुंगाको व्यापक प्रयोग भएको रहेछ।

# १५. नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलन-४




■ शम्भुराम श्रेष्ठ

(३) 'सदनमा डिसेम्बर ६ को दिन परराष्ट्र मामलासम्बन्धी छलफलको क्रममा मैले नेपालको बारेमा उल्लेख गरेको थिएँ । त्यसबेला मैले के भनेको थिएँ भने हामीले नेपालको स्वाधीनताको कदर गर्न चाहेको मात्र होइन, बल्कि नेपाल एक बलियो र प्रगतिशील मुलुकको रुपमा विकसित होस् भन्ने पनि चाहेका थियौं । त्यहाँको हालैको घटनाक्रमले गर्दा हाम्रो आफ्नै सुरक्षामा नराम्रो प्रभाव पर्न गएकाले नेपालको आन्तरिक अवस्थामा कसरी हाम्रो चासो झनझनै बढ्न गयो र झनझनै बढ्ता प्रत्यक्ष हुन गयो भनी मैले व्याख्या गरेको थिएँ ।'

'नेपालमा शान्ति र स्थायित्व रहनुपर्छ भन्ने कुराको हामी बढी चिन्तित थियौं । साथै त्यसको लागि ठोस राजनीतिक सुधार हुनु आवश्यक छ भन्ने पनि हामीलाई लागेको थियो । नेपालको स्वाधीनताको कदर र त्यसको साथसाथै त्यहाँ राजनीतिक सुधार हुनुपर्ने कुरासम्बन्धी जरुरी चासोको आधारमा हामीले हाल दिल्लीमै हुनुभएका नेपाल सरकारका प्रतिनिधिहरुसँग कुराकानी चलायौं ।

हामीले यी प्रतिनिधि अर्थात् जनरल केशरशमशेर र विजयशमशेरसमक्ष हाम्रो भनाइको राम्ररी व्याख्या गऱ्यौं, उहाँहरुकै अनुरोधमा यही महिनाको ८ तारिखको हाम्रा उद्देश्यहरु र प्रस्तावहरु प्रस्ट गरिएको स्मरणपत्र उहाँहरुलाई दियौं । सदनको जानकारीका लागि म उक्त स्मरणपत्र पढेर सुनाउँछु ।'

'भारत सरकारको मुख्य उद्देश्य नै नेपाल स्वाधीन, प्रगतिशील र बलियो हुनुपर्छ भन्ने हो । यसको लागि भारत सरकार त्यहाँ तुरुन्त त्यस्तो संवैधानिक परिवर्तन हुनु अत्यन्त आवश्यक छ भन्ने ठान्छु जुन परिवर्तनले जनमतलाई सन्तुष्ट पार्छ र साथै त्यो नेपालका नागरिकहरुका महत्वपूर्ण गैरसरकारी संगठनहरुलाई स्वीकार्य पनि हुनुपर्छ ।'

भारत सरकारको विचारमा के के आवश्यक छ भने :

१. पूरै निर्वाचित सदस्यहरु मात्रले बनेको संविधानसभाको निर्वाचन जति सक्यो त्यति चाँडो गराउनुपर्छ, जसले नेपालको संविधान तयार गर्नेछ ।

२. माथि १.दफामा उल्लेख गरिएबमोजिम संविधानसभाको बैठक नबसुन्जेलसम्मको लागि जनमतको प्रतिनिधित्व गर्ने तथा जनविश्वास प्राप्त व्यक्तिहरुलाई समावेश गरिएको अन्तरिम सरकार स्थापना गरिनुपर्छ । आवश्यक संख्यामा जनप्रतिनिधिहरु राख्नुको अतिरिक्त यो अन्तरिम सरकारमा राणा परिवारका सदस्यहरु पनि समावेश हुनुपर्छ जसमध्ये एकजना प्रधानमन्त्री हुनुपर्छ । अन्तरिम सरकारको मन्त्रीहरुले प्रधानमन्त्रीद्वारा प्रस्तुत सिफारिसको आधारमा राजाबाट औपचारिक रुपमा नियुक्त हुनेछन् । यो सरकारले संयुक्त उत्तरदायित्वको सिद्धान्तको आधारमा मन्त्रिपरिषद्को रुपमा काम गर्नेछ र आफ्नो कार्यविधि आफैंले तयार गर्नेछ ।

३. शान्ति र स्थायित्वको हेतुले श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेव नै नेपालका राजा रहिरहनुपर्छ । उहाँको अनुपस्थितिमा उहाँले त्यस अवधिभरका लागि आफ्नै तर्फबाट काम गर्न राज प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ ।

डिसेम्बर १९ को दिन मैले नेपालको प्रधानमन्त्रीबाट जवाफ पाएँ, जो यस प्रकार छ :

'नयाँ दिल्ली पुगेर आएका हाम्रा प्रतिनिधिहरुले तपाईं महामहिम र भारत सरकारको तर्फबाट नेपालको स्वाधीनता, स्थिरता र उन्नति सुनिश्चित पार्ने विशुद्ध उद्देश्यले दिइएका मैत्रीपूर्ण सुझावहरु र सल्लाह उल्लेख गरिएको स्मरणपत्र आफ्ना साथमा ल्याए । मैले भन्न परोइन, हाम्रा महान छिमेकीले मैत्रीको भावनाबाट दिएका कुनै पनि सल्लाह र सुझावलाई हाम्रो तर्फबाट सधैं नै यथोचित ध्यान दिने गरिएको छ । मेरो मन्त्रिमण्डलद्वारा त्यस कुरालाई सक्रिय रुपले विचार गरिएको छ...तैपनि यस मामलाको हकमा हामीले जतिसक्यो त्यति छिटो तयारी गरिरहेका छौं र मलाई विश्वास छ, हामीले यो महिनाको अन्तसम्ममा संवैधानिक सुधारहरु र अरु कुराहरुको घोषणा गर्ने 'नेपाली जनताको नाममा घोषणा' तयार गर्न सक्ने छौं । त्यस घोषणाको मस्यौदा तयार हुने बित्तिकै मैले त्यसको अग्रिम प्रति पठाउने छु ।'

(डिसेम्बर २१, १९५० नयाँदिल्ली)

माथिको उद्धरणबाट अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर र भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरुको बीचमा प.नेहरुद्वारा प्रस्तावित तीन बुँदे स्मरणपत्र को आधारमा सम्झौता (जसलाई दिल्ली सम्झौता भन्ने गरिन्छ) भई २००७ सालको क्रान्ति टुंग्याइएको स्पष्ट रुपले प्रमाणित हुन्छ । कुनै पनि संघर्ष यदि सम्झौता भई टुंगिन्छ भने त्यो सम्झौता स्वाभाविक रुपले नै संघर्षका दुई परस्पर विरोधी शक्ति केन्द्रहरुबीचमा भएको हुन्छ । यदि साँच्चै नै २००७ सालको क्रान्ति नेपाली कांग्रेसको नेतृत्वमा भएको भए, त्यो सम्झौता मोहनशमशेर र पं. जवाहरलाल नेहरुको बीचमा नभई राणा सरकार र नेपाली कांग्रेसको नेतृत्वको बीचमा हुनुपर्थ्यो । तर त्यसो भएन र पं. नेहरुद्वारा प्रस्तावित स्मरणपत्र बमोजिम ७ फागुन २००७ सालको दिन राजा त्रिभुवनद्वारा अन्तरिम शासन विधान र मोहनशमशेर प्रधानमन्त्री तथा विश्वेश्वरप्रसाद गृहमन्त्री रहेको अन्तरिम मन्त्रिपरिषद्को गठनबारे शाही घोषणा भयो । 'दिल्ली सम्झौता' बारे नेपाली कांग्रेसका अन्य नेताहरुले जे जस्तो कुरा बोल्ने गरेको भए तापनि नेपाली कांग्रेसको वास्तविक नेता विश्वेश्वरप्रसाद कोइरालाले 'आफ्नो आत्मवृत्तान्त' मा इमानदारीपूर्वक 'दिल्ली सम्झौता' भएकै होइन काल्पनिक मात्र हो भनी लेखेर राणा सरकारसँग नेपाली कांग्रेसको सम्झौता भएर २००७ सालको क्रान्ति टुंगिएको होइन भनेर स्वीकार गरे ।

'दिल्ली सम्झौता' हुँदा अर्थात् भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरु र राणा सरकारका प्रतिनिधिहरु केशरशमशेर जबरा र विजयशमशेर जबरा आदिको बीचमा नयाँ दिल्लीमा वार्ता चलिरहेको बेला हाम्रो पार्टीका सम्पूर्ण नेतृत्व अर्थात् केन्द्रीय कमिटीका सबै सदस्यहरु भारतमै अर्थात् कलकत्तामै थिए । तर तिनीहरु त्यसबारे जो गुप्त रुपले भइरहेको नभई त्यस सम्बन्धमा भए गरेका सबै कुराहरुलाई समेटेर पं.जवाहरलाल नेहरुले भारतीय पार्लियामेन्टमा भाषण नै गरिरहेका थिए र साथै तिनलाई भारतीय अखबारहरुले प्रकाशित गरिरहेका थिए....बिल्कुलै बेखबर (अनभि) थिए ।


'दिल्ली सम्झौता' कसरी कसकसको बीचमा र के के कुरामा भएको थियो भन्ने बारेमा केही थाहा नै नपाइकन पार्टी नेतृत्वले 'दिल्ली सम्झौता' धोका हो, भनी विज्ञप्ति जारी मात्रै गरेन, उक्त सम्झौता भएको झन्डै एक वर्षपछि आयोजित प्रथम राष्ट्रिय सम्मेलनले आफ्नै राजनीतिक प्रतिवेदनमा यस्तो लेख्यो :

(क्रमशः)

# जर्मनी : चम्किलो देशमा रन्किलो स्वभाव-४

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





तिनबाट थाहा भयो- जर्मनीमा सरकारी नोकरीमा लागेका वृद्ध व्यक्तिहरूले पेन्सन पाएपछि तिनीहरूले सरकारबाट निर्दिष्ट गरेको कुनै पनि गाउँको घरमा बस्न पाइने र जीविकाका लागि सरकारले नै तिनीहरूको बन्दोबस्त गरिदिँदो रहेछ । यस्ताका हुर्केका छोराछोरी भएमा तिनीहरूले बडादिनमा शुभकामना कार्डहरू पठाइदिने र वर्षको एक चोटि आउने 'बर्थ-डे' (जन्मदिन) मा आमाबाबुलाई कोसेलीसहित भेट गर्न आउनुपर्ने रीति रहेछ । त्यस वृद्ध दम्पतीले हाम्रो संयुक्त परिवारप्रति देखाएको उत्सुकता एकातिर बिर्सनै नसकिने खालको छ भने हामी पूर्वीयहरू पश्चिमेली समाजको नक्कल गर्न हतारिने बानीका भएका छौं । यो देख्दा, को-कसलाई ठीक भन्ने हो, अन्योलमा परेको कटु अनुभव त्यस बेला मलाई भयो ।

**कन्डम र पिल्स पनि शौचालयमा पाइने**

जर्मनी अरू युरोपीय देशभन्दा बढी प्रगतिको शिखरमा पुगेको देश हो । यहाँ स्वचालित मेसिनहरूको चमत्कार हेर्नलायकको छ । यत्रतत्र भवनहरूभित्र र कतैकतै बाहिर चौबाटोमा पनि सेल्फसर्भिस यन्त्रहरू राखिएका वा जडान भएका पाउँछौं । कुनै हट ड्रिन्क जस्तै- कोक, कफी, चिया लेखेका यन्त्रहरू हुन्छन् त कतै कोल्ड ड्रिन्क- कोकाकोला, फान्टा, बियर आदि पेय पदार्थ पाइने यन्त्रहरू । ती यन्त्रभित्रका वस्तुहरूको नामसहितको लेबल लहरै रहेका हुन्छन् । तिनको एकातिर प्वालमा तोकेको रकम पैसा खसाल्नासाथ आफूले खोजेको वस्तुको लेबलमुनि रहेको बटन थिचिदिएमा गरम पेय पदार्थ भए भरिएको गिलास र चिसो पेय पदार्थ भए साँच्चै चिसो फ्रिजभित्र राखिएको जस्तो भरिएको सिसी वा केन (टिन) फुत्त तल झर्छ । गरम पेय पदार्थमा त अझ यस्तोसम्म पनि कि चिनी राखिएको वा नराखिएको, दूध धेरै, थोरै वा राख्दैनराखिएको आदि स्विच घुमाई मिलाएर पैसा राखिसकेपछि इच्छाअनुसार प्राप्त गर्न सकिँदो रहेछ । त्यस्तै बाटाका कुनाकाप्चातिर जडान गरी मानौं त्यसै लापरवाहीसाथ फालिराखेझैँ भए पनि तोकेको पैसा खसाल्नासाथ आफूलाई मन पर्ने ब्रान्डका चुरोट पनि त्यस्ता यन्त्रबाट उपलब्ध गर्न सकिँदो रहेछ । कुनैकुनै होटेलको पुरुषशौचालमा त कन्डमका प्याकेटहरू सजिलैसित उपलब्ध गराउन यस्ता यन्त्रहरू राखिएका हुँदा रहेछन् । स्त्रीशौचालयमा पनि पिल्सजस्ता औषधी तथा विविध थरीका परिवारनियोजनका साधनहरू उपलब्ध हुने गरी यस्ता यन्त्रहरू राखिएका छन् भनी सुनेको छु ।

**एक व्यक्ति दुई व्यक्तित्व**

देश जतिसुकै विकसित भए पनि, जतिसुकै सफासुग्घर भए पनि त्यहाँका जनता सबै हामीभन्दा उपल्ला खालका हुन्छन् नै भन्न सकिँदैन । मानिसहरूको विवेक, बुद्धि, व्यवहार संसारको जुनसुकै भागमा बसेको भए पनि अधिकांशतः समान नै हुँदो रहेछ । मित्रभाव देखाए पनि हृदय नभएको भइदिने, पैसा भनेपछि हुरुक्क हुने, फेसनका पुजारी, डिसकोथेका सिकार भएका जर्मन युवकयुवतीहरू देख्दा खोइ यो देशको भविष्य अन्धकार हुने हो कि भन्ने मनमा पर्थ्यो । हामीकहाँ जस्तै जर्मनीमा पनि कुनै लुच्चा छन् त कुनै छुच्चा, त्यस्तै कुनै भलादमी छन् त कुनै विनोदी । विभेद केही छ भने जर्मनहरू बाहिरबाट बडो कठोर व्यक्तिवादी, शिष्टाचार भनेको कुन चराको नाउँ हो थाहा नपाएका जस्ता देखिन्छन् । तर त्यही व्यक्ति कुनै-कतै कार्यालयमा कार्यरत छ भने त्यत्तिकै मिजासिलो, कार्यतत्पर तथा कर्तव्यनिष्ठ भएको हुन्छ । हामी नेपालीहरू भने तिनीहरूभन्दा बिलकुलै फरक अर्थात् बाहिरबाट बडो नम्र हुन्छौं तर कुनै कार्यालयमा आसनबद्ध हुँदा बोल्न पनि गाह्रो मान्ने मात्र हुँदैनौं कि आफ्नो फाइफुट्टी र रवाफ देखाउँदै अशिष्ट हुन पनि पछि सर्दैनौं- 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने नेपाली उखानलाई नेपालीले नै चरितार्थ गरिदिएको छ । कार्यालयमा काम गर्ने हाम्रा कारिन्दालाई कर्तव्यनिष्ठताको पाठ सिकाउने तर्जुमा हुनुपर्छ भन्ने कुरा मैले जर्मनजातिलाई देख्दा अनुभव गरें ।

**राष्ट्रिय खेल- फुटबलको खेल**

काठमाडौंलीहरूजस्तै जर्मनहरू पनि फुटबल हेर्न वा खेल्नमा ज्यादै रुचि राख्दा रहेछन् । अझ जर्मनीको राष्ट्रिय खेल फुटबल नै हो भन्नुमा अतिशयोक्ति नहोला । यहाँ हरेक ठाउँमा- ठूला सहरदेखि साना तथा अझ गाउँमा समेत दुईओटा गोल्की पोस्ट भएका मैदान वा भव्य स्टेडियमहरू देख्न पाइन्छ । भारतमा हकी, अस्ट्रेलियामा टेनिस, क्याानाडामा आइस हकी, संयुक्त राज्य अमेरिकामा बेसबलको जुन स्थान छ जर्मनीमा फुटबलको पनि उही स्थान छ । जर्मन फुटबल सङ्घको सदस्यसङ्ख्या तीस लाखभन्दा बढी छ भन्ने सुनिन्छ, यस अर्थमा यो संघ संसारको सबभन्दा ठूलो संघ भएको छ । कुराकानीबाट थाहा भएको हुन्छ- यहाँका वरिष्ठ फुटबल खेलाडीहरूको लोकप्रियता सिनेकलाकार वा राजनैतिक नेताको भन्दा बढी हुँदो रहेछ । एक चोटि टेलिभिजनमा यहाँ राष्ट्रिय टिम र बेल्जियमको एउटा च्याम्पियन टिमबीच म्युनिखमा भएको खेल हेरेको थिएँ । पहिले त खेल दुवैतिरबाट जोडतोड तथा सनसनीपूर्ण भएको नै ठानें तर जर्मन राष्ट्रिय टिमअगाडि बेल्जियम च्याम्पियनहरूको केही लागेन, नराम्रो हार भयो । जर्मनीको यो राष्ट्रिय टिम संसारका उच्चस्तरीय टिमहरूमध्ये एक हुन पुगेको रहेछ । सन् १९६६ मा यस टिमले बेलायतमा भएको वर्ल्ड कप खेलमा फाइनलसम्म पुग्न सफलता पाएको थियो, सन् १९७० मा मेक्सिको सहरमा भएको अन्तर्राष्ट्रिय खेलमा सेमिफाइनलसम्म पुग्यो, सन् १९७२ मा यो टिमले 'युरोप च्याम्पियन' को नाम कमायो र सन् १९७४ मा यसलाई 'वर्ल्ड च्याम्पियन' को उपाधि मिल्यो ।

**जर्मनको अर्को सोख सङ्गीतको**

जर्मनहरूलाई सङ्गीतको ठूलो सोख छ । अधिकांश जर्मन तन्नेरीहरू नेपाली तन्नेरीहरूझैँ 'पप म्युजिक' मा मस्त हुन्छन् भने अधबैँसेहरू शास्त्रीय सङ्गीतमा तल्लीन हुन्छन् ।

(क्रमशः)

## कविता

# विकासको भेल



● प्रेम ओली
(ढकलपुरे)

विकास होस त यस्तो पो होस विकास
हेर्दाहेर्दै विकासले देशकै मुहार फेरियो
धन्य छ सरकार
तिम्रो त गजबको कमाल हेरियो
विकास नपुगेको गाउँ छैन
पिच नभाको ठाउँ छैन
काठमाडौंमा बिहान मुख धुन धारा खोल्यो
मिलम्चीको पानी टवाक्क आउँछ
कतै जान तयार भयो
चाइनाको रेल ढोकैमा ठ्वाक्क पाउँछ
आज जे बोल्यो नेता, भोलि त्यो पुग्ने
सत्य युग पो फेरि आको जस्तो
घूस, भ्रस्टाचार, कमिसन सबै शुन्य
हेर्दाहेर्दै आफ्नै देश, के भाको यस्तो !
जागिर नभकालाई पनि राज्यकोषबाट चिट्ठा पऱ्या छ
गाई पनि नब्याउने देशमा गोरु पो ब्याउने गऱ्या छ
जता हेर्यो उतै हरियाली हरियाली छाको छ
कोदो खान नपाउने मार्सी भात खाको छ
फाटेको चप्पल लाउने मर्सरी कार पाको छ
तराई पहाड हिमालसम्म रेल मार्ग गाको छ
जुलुस हर्ताल, बन्द, सबै बन्द छन
जता गयो उतै वा वा सरकार भन्दछन
एउटा बटन थिच्दा उत्तरको रेल आउछ
अर्को बटन थिच्दा दक्षिणको तेल पाउछ
आफ्नै देश आँफैलाई ईन्द्र लोक जस्तो लाग्यो
छामछुम गरे आफुलाई बिपना नै सब थोक लाग्यो
यसो आँखा छाम्छु त त्यसका बाजे
रङगिन चस्मा पो लाकोरैछु
बिकासको चश्मा बाट्याथे हिजो नेताले
त्यै चश्मा लाएर पो
यस्तो विकाशै बिकास पाकोरैछु ।

## स्वास्थ्य

# आमाको दूध बच्चालाई कति उपयोगी ?

बच्चाले भन्न जान्दैन । त्यसैले उसलाई समय-समयमा आमाको दुध खुवाइरहनुपर्छ । सुरुमा पाएको पोषिलो आहारले उसको भावी जीवनलाई प्रभाव पार्छ । शिशुले जन्मदेखि कस्तीमा पनि ४ वा ६ महिनासम्म प्रशस्त मात्रामा आमाको दूध खान पाएको खण्डमा उसले आवश्यक पौष्टिक तत्व त पाउँछ नै, रोग प्रतिरोधात्मक शक्ति पनि प्राप्त गरी उसको सन्तुलित वृद्धि र विकासमा टेवा पुग्छ ।

सर्वगुणसम्पन्न आमाको दुधको स्रोत अर्थात् आमाको पोषणको स्तर, उनले दैनिक प्राप्त गर्ने खानाको स्तरबारे भने तुलनात्मक रुपमा कम मात्र चासो राख्ने गरेको पाइन्छ । अझ नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने स्तनपानलाई पौष्टिक र स्वास्थ्यका दृष्टिकोणले भन्दा पनि परम्परागत मान्यताको रुपमा अवलम्बन गरिएको छ ।

स्तनपानलाई प्राथमिकता दिँदा शिशुले यथेष्ट पौष्टिक तत्व प्राप्त गर्ने मौका पाउँछ । तर आमाको खानामा उचित ध्यान पुर्याउन नसकेमा उनको स्वास्थ्य प्रतिकूल असर पर्न सक्छ । प्रायजसो सुत्केरी महिलामा लौहतत्व, भिटामिन ए तथा प्रोटिनको कमी भएको कुरा अध्यानले देखाएको छ ।

साधारणतया महिलाहरु आफ्नो बच्चलाई स्तनपान गराउन सक्षम हुन्छन् । टीबी, एड्स तथा विशेष औषधिको सेवन गरिएको अवस्थाबाहेक अन्य साधारण अवस्थामा स्तनपान गराउन सकिन्छ । सफलताका साथ स्थानपान गराउन सुत्केरी अवस्थाबाहेक गर्भवती अवस्थामा समेत महिलाको दैनिक खानामा ध्यान दिनुपर्ने हुन्छ ।

आमाको पोषणस्तर जति राम्रो हुन्छ, त्यति नै गुणात्मक र परिणात्मक रुपमा शिशुले आमाको दुध प्राप्त गर्न सक्छ । एकातिर आमाको स्वास्थ्यस्थिति सन्तुलित राख्न र अर्कोतिर शिशुलाई यथेष्ट दुध उपलब्ध गराउन आमाको भोजनमा साधारणभन्दा थप खानाको व्यवस्था गर्नुपर्छ ।

महिलाको अवस्था, उनले गर्ने कामको प्रकार हेरि दैनिक भोजनमा क्यालोरी, प्रोटिन, भिटामिन, खनिज पदार्थ थप गर्नुपर्ने हुन्छ । सुत्केरी महिलाले दैनिक आवश्यक सन्तुलित भोजन प्राप्त गर्न सकेमा शरीर स्वस्थ राख्न मद्दत मिल्छ। साथै, दुध बन्नका लागि शरीरमा जम्मा भएको पौष्टिक तत्वको पुनः पूर्ति हुनुका साथै शिशुका लागि प्रशस्त दूध उत्पादन गर्न मद्दत पुऱ्याउँछ ।

एक स्वस्थ दुध खुवाउने महिलाबाट करिब ६ सय मिलिलिटर प्रतिदिन दुध बन्न सक्छ । आफ्नो दैनिक पौष्टिक आवश्यकता पूरा गर्न र उल्लिखित परिमाणमा दुध बन्न उनलाई दैनिक आवश्यकताबाहेक थप पोषिलो खानाको जरुरत पर्न सक्छ ।

आमाले गरेको भोजन क्यालोरीमध्ये ६० प्रतिशत क्यालोरी मात्रा दुधमा रुपान्तरण हुन सक्ने भएकाले ४ सय २० क्यालोरीका लागि दैनिक थप ७ सय क्यालोरी आवश्यक पर्नेहुन्छ । यसैगरी आमाको दुधमा प्राप्त हुने ७.२ ग्राम प्रोटिनका लागि भोजनमा १४.४ ग्राम आवश्यक पर्ने हुनाले यस आवश्यक पर्ने हुनाले यस अवस्थामा २० ग्राम थप प्रोटिन अवस्थामा २० ग्राम थप प्रोटिन आवश्यक पर्छ ।

यसैगरी दुध खुवाउने महिलाको भोजनमा दैनिक ७ सयदेखि १ हजार मिलिग्रामसम्म क्याल्सियम थप गर्नुपर्ने हुन्छ । आमाको दुध बन्न शरीरको कुल क्याल्सियममध्ये करिब २ सयदेखि ८ प्रतिशत खर्च हुने भएकाले यसको पूर्तिका लागि पनि थप क्याल्सियम आवश्यक पर्ने हुन्छ ।

यदि दुई बच्चाबीचको जन्मान्तरको दूरी कम छ भने त्यस्तो स्थितिमा आमाको शरीरमा क्याल्सियम आवश्यक मात्रामा जम्मा हुन नसक्दा पछि गएर हाड कमजोर हुने सम्भावना हुन्छ । शिशु जन्मँदा रगत खेर जाने भएकाले यस समयमा बढी फलाम (लौहतत्व ) आवश्यक हुन्छ । तर स्तनपानको समयमा भने थप लौहतत्व त्यति आवश्यक पर्दैन ।

सुत्केरी अवस्थामा गर्भवती अवस्थामा भन्दा कम लौहतत्व भए पुग्ने हुन्छ । प्राय प्रशस्त स्तनपान गराउन्जेलसम्म केही महिना महिनावारी नहुने र महिनावारी सुरु भएपछि भने थप लौहतत्व आवश्यक पर्ने हुन्छ । भिटामिन ए, बी, सी, फोलिक एसिडका हकमा भने थप आवश्यक पर्दछ।

यसप्रकार आमाको खानाले उनको शरीरबाट उत्पन्न हुने दुधको गुण र परिमाणमा प्रभाव पार्छ । त्यसैले यस अवस्थामा सकेसम्म उचित भोजनको व्यवस्था गर्नुपर्ने हुन्छ । हुन त कमजोर आर्थिक अवस्था भएको र उचित भोजन प्राप्त गर्न नसकेको अवस्थामा पनि महिलाले आफ्नो बच्चालाई स्तनपान गराउन सक्छिन् । यस्तो स्थितिमा आमाको शरीरका कोषहरुमा जम्मा भएका तत्वहरु प्रयोग भई दूध बन्ने भएकाले आमाले आफ्नो शिशुलाई स्तनपान गराउन त सक्छिन् ।

तर उनको शरीरमा बिस्तारै पौष्टिक तत्वको अभावबाट स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ । यस्तो स्थितिमा प्राप्त भएको आमाको दुधको आयतन कम हुने तथा परिमाणमा समेत कम हुन सक्छ । शक्तिभन्दा पनि भिटामिन बी, सी, थायमिनको परिमाणलाई आमाको खानाले बढी प्रभाव पार्छ। यदि आमाको खानामा उल्लिखित भिटामिनको कमी छ भने शिशुमा यी तत्वको अभाव हुने धेरै सम्भावना हुन्छ । यसैगरी जिंक र आयोडिनको अभाव छ भने पनि शिशुले पर्याप्त यी खनिज तत्व प्राप्त गर्न नसकी वृद्धि विकासमा असर पर्ने हुन्छ।

शिशुको सर्वाङ्ग विकासका लागि चहिने सम्पूर्ण तत्वहरु आमाको दुधमा प्राप्त हुन्छ। यसले आमाको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्ने हुन्छ। जस्तै स्तनपान गराउँदा आमाको शरीरबाट निस्कने एक प्रकारको हार्मोन अक्सिटोक्सिनले पाठेघरको मांसपेशी खुम्च्याउने, चाँडो रक्तस्राव रोक्ने, पहिलेको शारीरिक बनाबट र तौल कायम गर्ने, आमा र शिशुबीच बलियो भावनात्मक सम्बन्ध कायम राख्न मद्दत पुर्याउने हुन्छ । त्यसैले गर्भवती अवस्थामा समेत आमाको दैनिक भोजनको उचित व्यवस्था गर्नुपर्छ । यसबाहेक घर परिवारबाट पूर्ण सहयोगका साथै उचित वातावरण उपलब्ध गराउन सकेमा अवश्य पनि सफलताका आफ्नो शिशुलाई स्तनपान गराउन सक्छिन् ।

# मध्यपूर्वमा युद्धको त्रास



विष्णु भट्टराई

अमेरिका र इरानबीचको विवाद चर्किँदै जाँदा मध्यपूर्वमा ठूलो द्वन्द्व निम्तिने खतरा देखिएको छ। अहिले पनि सिरिया, इराक, यमनलगायत अधिकांश मध्यपूर्वी देश अशान्त छन्। बग्दादमा इराकी अधिकारीहरूसँगको भेटपछि अमेरिकी सेन्ट्रल कमान्डका कमान्डर जनरल फ्रयांक म्याक्केन्जीले इरान र उसका सहयोगीहरूबाट आफ्नो देशलाई खतरा रहेको बताएका छन्। मध्यपूर्वमा अमेरिकी सैनिक आक्रामकरूपमा प्रस्तुत हुने उनको भनाइ छ। अमेरिकाले थप सैनिक परिचालन गरेपछि इरान केही पछि हटेको उनको दाबी छ। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धको सम्भावना कायम रहेको बताएका थिए।

इरानी राष्ट्रपति हसन रोउहानीले युद्ध भइहाले प्रत्याक्रमणमा उत्रिने प्रतिक्रिया दिएका छन्। उनले तत्कालको अवस्थामा अमेरिकासँग वार्ता हुने सम्भावना नरहेको बताएका छन्। 'इरानले कुनै देश वा विश्वशक्तिसँग द्वन्द्व गर्न चाहेको छैन। म कुटनीतिक संवादकै पक्षमा छु। तर, अहिलेको परिवेशमा अमेरिकासँगको वार्ता स्वीकार्य छैन,' उनले भनेका छन्।

अमेरिकाको सत्तारूढ रिपब्लिकन पार्टीका सांसद एडम किन्जिन्गरले युद्ध भइहाले छोटो समयभित्रै अमेरिका विजयी हुने दाबी गरेका छन्। 'सैनिक क्षमतालाई हेर्दा यो एकपक्षीय लडाइँ हुनेछ। छोटो समयमै इरान परास्त हुनेछ,' उनले भने। यसअघि सन् २००३ मा अमेरिकाले इराकमाथि हमला गरेको थियो। अमेरिकी नेतृत्वको सेनाले युद्ध सुरु भएको केही साताभित्रै बग्दाद नियन्त्रणमा लिएको थियो। तर, यसपटकको युद्ध भयावह हुने विश्लेषकहरू बताउँछन्। 'एक शब्दमा भन्नुपर्दा यो विध्वंश हो,' वासिंटन डिसीस्थित अरब सेन्टरका अनुसन्धान निर्देशक इमाद हर्बले भने। उनले दुई देशबीचको द्वन्द्वले मध्यपूर्वलाई भयावह अवस्थामा पुऱ्याउने बताए।

**अमेरिकी सैनिकको उपस्थिति बढ्दो**

अमेरिकाले इरानको सीमा क्षेत्रमा सैनिकको उपस्थिति बढाएको छ। २० मेमा इराकको बग्दादस्थित ग्रिन जोनमा इरानले रकेट प्रहार गरेको अमेरिकाको आरोप छ। सरकारी कार्यालय तथा विदेशी दूतावासहरू रहेको क्षेत्रमा अमेरिकी दूतावासनजिकै झरेको रकेटले कुनै क्षति नगरेको इराकी सैनिकले जनाएका छन्। यसअघि १२ मेमा युएईको पूर्वी समुद्री किनारमा तेलका ट्यांकरहरूमाथि निशाना लगाएर बम प्रहार भएको थियो। यस घटनामा कसैको पनि मृत्यु नभएको, तर आफ्ना दुई ट्यांकरमा क्षति पुगेको साउदी अरेबियाको दाबी थियो। घटनाको आरोप अमेरिकाले इरानमाथि नै लगाएको छ। अमेरिकाले केही समयअघि मात्रै अरेबिन समुद्रमा सैनिक अभ्यास गरेको थियो। जहाँ, धेरै सैनिक हेलिकोप्टर, बी-५२ नामक आणविक क्षमताको बम तथा अन्य अत्याधुनिक बमहरू प्रदर्शन गरियो।

**इरानप्रति अनुदार ट्रम्प**

राष्ट्रपतिमा निर्वाचित हुनअघि नै ट्रम्प इरानविरुद्ध अनुदार थिए। उनले सन् २०१५ मा इरानसँग भएको परमाणु सम्झौताको विरोध गर्दै आएका छन्। इरानलाई आणविक हतियार उत्पादन गर्नबाट रोक्ने उद्देश्यले गरिएको यस सम्झौतामा इरानसँगै अमेरिका, बेलायत, रुस, फ्रान्स, चीन, जर्मनी र युरोपेली युनियनले हस्ताक्षर गरेका थिए। इरानले आणविक हतियार उत्पादन नगर्ने र अन्य देशले नाकाबन्दी खुकुलो गर्ने सम्झौतामा उल्लेख छ। ट्रम्पले यस सम्झौतालाई अहिलेसम्मकै खराब सम्झौता भनेका थिए। 'मेरो पहिलो प्राथमिकता यो सम्झौता खारेज गर्नु हो,' उनले भनेका थिए।

इरानले आतंकवादीहरूलाई हतियार, आर्थिक सहयोग र आश्रय दिइरहेको उनको आरोप छ । उनले राष्ट्रपतिको कार्यकाल सम्हालेको केही दिनभित्रै इरान, सिरिया, सोमालिया, सुडान, लिबिया र यमनका नागरिकहरूलाई ९० दिनसम्म अमेरिका छिर्न प्रतिबन्ध लगाउने निर्णय गरेका थिए।

८, मे २०१८ मा ट्रम्पले परमाणु सन्धिबाट अमेरिका बाहिरिएको घोषणा गरेका थिए। उनले इरानमाथि फेरि नाकाबन्दी लगाउने घोषणा गरे। उनले इरानबाट सामग्री निर्यात गर्ने देश तथा कम्पनीमाथि पनि अमेरिकाले आर्थिक प्रतिबन्ध लगाउने चेतावनी दिए। त्यसयता, धेरै देशका कम्पनीहरूले इरानसँग कारोबार गर्न छाडेका छन्। इरानमा आर्थिक समस्या बढ्दो छ।

**जापानको मध्यस्थता प्रयास**

जापानले अमेरिका र इरानबीच वार्ताको मध्यस्थता गर्न खोजेको छ। माइनिची सिम्बु पत्रिकामा केही दिनअघि मात्रै जापानी प्रधानमन्त्री सिन्जो अबे १२ देखि १४ जुनसम्म इरान भ्रमणमा रहने समाचार प्रकाशित भएको थियो। समाचारअनुसार अबेले इरानी राष्ट्रपति हसन रोउहानी र सर्वोच्च नेता अयातोल्लाह अली खामिनेइसँग वार्ताको प्रयास गर्नेछन्। उनले वासिंटनको सन्देश इरानलाई सुनाउने पत्रिकामा जनाइएको छ। केही समयअघि मात्रै ट्रम्पले जापान भ्रमण गरेका थिए। उनले अबेले गर्न लागेको मध्यस्थताको प्रयास सराहनीय रहेको प्रतिक्रिया दिएका थिए।

यता, इरानी राष्ट्रपति हसनले अमेरिकाको बोली र व्यवहार फरक भएकाले तत्काल वार्ता हुने सम्भावना नरहेको प्रतिक्रिया दिएका छन्। जापानसँग अमेरिका र इरान दुवैको राम्रो सम्बन्ध छ। अमेरिकाले नाकाबन्दी लगाउनुपूर्व इरानको प्रमुख तेल निर्यातकर्तामध्ये जापान एक थियो। विश्लेषकहरूका अनुसार अमेरिकाले इरानलाई अत्यधिक दबाब दिएर झुकाउने नीति लिएको छ। इरानले आफ्नो देशमा शासनसत्ता परिवर्तन गर्ने अमेरिकाको योजना रहेको आरोप लगाएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले यस आरोपको खण्डन गर्दै आफूले आणविक हतियार रोक्न मात्रै चाहेको बताएका छन्।






**प्रतिबन्धपछि पनि तेल बिक्री निरन्तर**

अमेरिकी प्रतिबन्धपछि पनि इरानले आफ्नो तेल उत्पादन र निर्यात गरिरहेको जनाएको छ। 'अमेरिकी प्रतिबन्धका कारण इरानको पेट्रोलियम पदार्थ खरिदमा विभिन्न मुलुक डराएपछि इरानले आफ्नो उत्पादनलाई 'फरक ढंग'ले बजारमा पठाइरहेको इरानका तेलमन्त्री बिजान नाम्दार जान्गानेहले स्थानीय एक पत्रिकालाई अन्तर्वार्तामा बताए। 'हामीले फरक ढंगले तेलको बिक्री गरिरहेका छौँ र यसबारे सबै कुरा गोप्य राखिएको छ। अमेरिकालाई जानकारी भएमा वासिङ्टनले तत्काल रोक्छ,' इरानको पेट्रोल मामिला हेर्ने मन्त्रालयलाई उद्धृत गरी साना न्युज एजेन्सीले जनाएको छ।

तेलमन्त्री जान्गानेहले कति मात्रामा तेलको निर्यात भइरहेको छ र कहाँबाट कसलाई तेल बेचिएको छ भन्नेबारे केही खुलाएनन्। इरानमाथिको प्रतिबन्ध फुकुवा भएपछि मात्र त्यसको खुलासा गरिने उनले बताए। इरानसँग विश्व शक्तिराष्ट्रहरूले गरेको आणविक सम्झौताबाट अमेरिका औपचारिक रूपमा गत वर्ष फिर्ता भएको घोषणा गरेको थियो। त्यसपछि वासिङ्टनले इरानलाई नयाँ सम्झौता गर्न दबाब दिन पहिलेका प्रतिबन्धमाथि थप कडाइ गर्दै नयाँ प्रतिबन्धको समेत घोषणा गरेको थियो। इरानको तेल निर्यात गत वर्षको अक्टोबरमा प्रतिदिन १५ लाख ब्यारेल रहेकोमा नयाँ प्रतिबन्धपछि अप्रिलमा ५० प्रतिशत कमी (सात लाख ५० हजार ब्यारेल) आएको ब्लुमबर्गले जनाएको छ।


**निःशर्त वार्ताका लागि अमेरिका तयार**

इरानसँग 'कुनै पूर्व शर्तविना कुराकानी गर्न' अमेरिका तयार रहेको अमेरिकी सञ्चार माध्यमले जनाएको छ । अमेरिकाले इरानका 'गलत गतिविधि'लाई नियन्त्रण गर्न आवश्यक कदम चाल्ने कुरामा पनि अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले जोड दिए।


अमेरिकी विदेशमन्त्री पोम्पेओले स्वीट्जरल्याण्डका विदेश मन्त्री इग्नाजिओ कासिससँगको संयुक्त पत्रकार सम्मेलनमा भने, 'हामी 'कुनै पूर्व शर्तविना' इरानसँग कुराकानी गर्न तयार छौं। उनीहरूसँग बसेर छलफल गर्न चाहन्छौं।' उनले थपे, 'तर उक्त इस्लामिक गणतन्त्रको 'रिभोलुसनरी फोर्स'बाट हुने गलत गतिविधिलाई आधारभूत रूपमा नै पराजित गर्नेतर्फ भने अमेरिकी प्रयास जारी रहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने छ।' संक्रमणकालमा ट्रम्पको बेलायत यात्रा, कूटनीतिक समस्या समाधानमा सफल कि असफल ?*(एजेन्सीहरुको सहयोगमा)*

# EXPLORING LO MANTHANG, THE CAPITAL OF UPPER MUSTANG

visit nepal 2020 Lifetime Experiences







It's eight o'clock in the morning in Lo Manthang. The monks are still asleep, just like the five Tibetan mastiffs guarding the courtyard of the monastery. We peek inside the temple door, where a young monk looks back at us, rubbing the sleep from his eyes. He jumps up from his thin mattress and puts on a red robe, followed by a red hoodie that says 'Team Tibet.' Then he puts a cap on his short cropped hair, and smiles at the visitors: 'Namaste!'

We follow the monk to a tiny kitchen above the Thubchen Monastery, where we warm ourselves by a stove fueled with dried cow dung. A fellow monk introduces himself as Kunga Lama; he has a friendly round face with a thin moustache. He pours us milk tea from a thermos. The walls are adorned with images of Buddhist icons and colourful prayer flags. On the kitchen counter stands an antique TV and DVD player. 'We like to watch movies together,' says Kunga.

We are in Lo Manthang, the walled capital of Upper Mustang, in the north of Nepal. Because of its location on an isolated rugged plateau hidden behind snow-capped Himalayan giants, and because it managed to keep the Chinese outside its borders over the past century, Upper Mustang is considered to be one of the best-preserved examples of Tibetan culture in the world. Until 1992 it was forbidden for foreigners to enter the area, and access is still restricted to those willing to pay the (expensive) permit to visit.

When we enter the medieval fortress city we actually do feel thrown back in the Middle Ages. The tiny city is a densely built labyrinth of whitewashed houses made of mud and stone, with narrow alleys where woolly cows run amok, usually followed by a tawny old lady slapping the cows' unwilling buttocks with a twig, urging them to move on. The city has two centuries-old monasteries. Kunga shows us the beautiful red and gold images of Buddhist icons painted on the walls, while telling us about his life as a monk in Lo Manthang.

On a square in the middle of the labyrinth the city's elderly gather to warm themselves in the afternoon sun. The women are spinning their miniature prayer wheels, combing sheep wool, and making braids in each others' long hair. A younger woman holds a baby, its face burnt red by the merciless sun at 3800 metres. Another is collecting goat dung with a broom, to fuel her stove at home.

After watching this scene for a while we set out for a walk, getting lost immediately in the walled alleys ending in private houses and cattle stables. We enter a small café, where locals are gathered around the stove in the middle, drinking traditional Tibetan butter tea. Curious, I ask for some too. The owner pours me a mocha-coloured liquid with an oily surface. I take a sip: it tastes strange, salty, but delicious in a way.

When the night falls, the Loba – the people of Lo, as the former kingdom of Mustang is also known – walk a clockwise circle around the city walls, spinning every one of the numerous prayer wheels along the way, while humming Buddhist mantras. Om mani padme hum! We decide to do the same, spinning the creaking century-old wheels and enjoying the view of the mountain-tops surrounding the fortress, endless and desolate, amazingly beautiful. It's November, so winter is near and temperatures already get well below zero at night. Cold to the bone, we arrive in our guesthouse, where the friendly owner makes us lemon tea and thukpa, a sort of Tibetan noodle soup topped with grated yak cheese, to warm us up before crawling into our sleeping bags, calling it an early night.

The history of Mustang goes back to the end of the $14^{th}$ century, when a Tibetan warlord called Ame Pal founded the Buddhist Kingdom of Lo. Thanks to its location alongside the Salt Route, an old trade route connecting India and Tibet, the kingdom would soon flourish. But at the end of the $18^{th}$ century the kingdom was incorporated into Nepal and slowly fell into oblivion, hidden behind the mountain ranges of the Himalaya. When the Chinese entered neighbouring Tibet in the mid-$20^{th}$ century, Lo was largely left alone.

And so the Loba simply kept on doing what they had been doing for centuries, plowing their fields and herding their goats, spinning their prayer wheels, performing Buddhist rituals and chasing their cows in the alleys of the numerous small villages of the kingdom. As a result, the former Kingdom of Lo has become one of the best-kept secrets of Tibetan culture, maybe better preserved than in neighbouring Tibet itself.

But as in all parts of the modernizing world, also here change is coming. The Chinese and Nepali governments are planning to construct a highway to connect the two countries, right through Mustang, following the old Salt Route. Construction may already begin this year, local people told us. Go now, is all I can say. Getting the chance to observe the Buddhist culture of the Mustangi, so completely different from my Western, modern life, was an unforgettable experience.

*source online news*

प्रेरक

## फरक पर्ने काम



साँझको समय थियो । भर्खरै प्रेममा परेका एक जोडी समुद्र किनारमा घुम्दै थिए । उनीहरू एकअर्काका हात समाती मायाप्रेमका कुराकानी गर्दै अघि बढिरहेका थिए । त्यत्तिकैमा उनीहरूले समुद्र किनारमा केही टिप्दै समुद्रतिर फालिरहेका एक अधबैँसेलाई देखे । अघि बढ्दै जाँदा उनीहरू अधबैँसेको नजिकै पुगे । उनी पानीको छालले किनारामा ल्याइपुर्‍याएका र छालसँगै फर्किन नसकेर किनारमै छटपटिइरहेका माछा टिप्दै पुनः समुद्रमै फ्याँक्दै थिए ।

अधबैँसेको यस्तो हर्कत देख्दा उनीहरू छक्क परे । उनीहरू नजिकै गए र नमस्कार गर्दै सोधे- महाशय, तपाईं यो के गर्दै हुनुहुन्छ ? 'उनीहरूतिर हेर्दा पनि नहेरी उनले मुखैले नमस्कार फर्काएर छिटोछिटो माछा टिपेर पानीमा फाल्दै विनम्रतापूर्वक भने- म छालले बाहिर फालेका माछा टिपेर पुनः समुद्रमै फ्याँक्दै छु । समयमै पानीमा पुर्‍याउन सकिएन भने अक्सिजन अभावमा यिनीहरू मर्नेछन् ।

उनको कुरा सुनेर दुईमध्ये एक युवतीले भनिन्- धेरै राम्रो ! तपाईंको काम प्रशंसनीय छ । तर, यो समुद्रको किनारमा त हजारौं माछा यसैगरी फसेका होलान्, कति मरिसकेका होलान् भने कैयौं मर्दै पनि होलान् । तपाईंले सबैलाई बचाउन त सक्नुहुन्न क्यारे । फेरि समुद्र किनारमा त यस्तो सधैं भइरहेकै हुन्छ नि । तपाईंले दुई-चारवटा माछालाई पानीमा फ्याँक्दैमा के नै फरक पर्ने हो र । उनको कुरा सुनेर ती अधबैँसे मुसुक्क मुस्कुराए, भुइँमा झुके र बालुवामा छटपटिइरहेको एउटा माछा टिपेर पानीमा फाल्दै भने- हेर्नुहोस् त, भर्खरै यस माछालाई त निश्चय नै फरक पर्‍यो, होइन र ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । पहिले दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन् । अवसरवादीहरूबाट अलि सजग रहनुहोला । मिहिनेत गर्दा अप्ठ्यारो काम समेत सम्पादन हुनेछ । काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ । प्रतिस्पर्धाले नयाँ अवसर दिलाउन सक्छ ।

### बृष

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ र लेखन कलामा निखारता आउनेछ । अध्ययनका लागि भ्रमणको मौका जुट्न सक्छ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । व्यापारमा सामान्य फाइदा भए पनि पशुपालन र कृषि क्षेत्रबाट राम्रो लाभ हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

### मिथुन

परिस्थितिअनुसार चल्न नसक्ता दुस्ख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । निर्णय लिएर पनि शंका गर्ने बानीले पछि परिनेछ । महत्त्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्‍याउन सक्छन् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्नेछ । अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला ।

### कर्कट

चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । व्यवसायको लगानीले मनग्गे धनलाभ हुनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । आलस्य त्यागेर मिहिनेत गर्नुपर्ने समय छ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । नयाँ काम प्रारम्भ गर्ने समय छ ।

### सिंह

शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । बोलीको भरमा काम सम्पादन हुनेछ । अध्ययनमा प्रगति हुनेछ । लगनशीलताले संकल्प पूरा गर्न सकिनेछ । कमजोर नतिजा सच्याउन केही काम दोहोर्‍याउनुपरे पनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । आलोचकहरूले समेत प्रशंसा गर्न थाल्नेछन् । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### कन्या

सुन्दर पहिरनमा मन रमाउनेछ । आगन्तुकहरूको उपहारले प्रसन्नता मिल्नेछ । कामले जीवनशैली व्यस्त रहनेछ । पछिका लागि कर्मफल सञ्चय गर्ने समय छ । मेहनतले अवसर दिलाउनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । पहिलेको सफलताले उत्साह जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने मनग्य धन आर्जन हुनेछ । सानो प्रयासले नै काम बन्नेछ ।

### तुला

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तबाट टाढिनुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला । देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । छर-छिमेकमा असमझदारी देखिनेछ भने बेसुरको काममा अलमलिनुपर्ला ।

### वृश्चिक

नियमित काम सम्पादन गर्न सकिनेछ । आयआर्जनका विविध स्रोत फेला पर्नेछन् । तर श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । आँटेको कामको लगानी अरूका लागि खर्च हुन सक्छ । सरसापटमा धन बाहिरिने सम्भावना छ । आम्दानी रोकिनाले कर्जाको रकम लिनुपर्ने हुन सक्छ । प्रगतिमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउन सक्छन् ।

### धनु

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । तर अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । तापनि मिहिनेत गर्दा पछिका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ । हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ । विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ ।

### मकर

मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ । धेरैले कामको तारिफ गर्नेछन् । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

### कुम्भ

चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपरे पनि बुद्धि-विवेकले काम गर्न सकिनेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि आत्मविश्वास, मिहिनेत र लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ । समस्या दर्साउँदा सहयोगीहरूको समेत साथ प्राप्त हुनेछ । काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ । धेरै सक्रियता स्वास्थ्यका लागि बाधक बन्न सक्छ ।

### मीन

परिवारजनको साथले नयाँ आशा जगाउनेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ । विभिन्न सहयोग र उपहार हातलागी हुनेछ । रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । अतिथिका रूपमा मानसम्मान प्राप्त होला । टाढिएका साथीभाइसँग भेटघाट हुनेछ ।

# ओझेलमा पर्दै पुरात्तात्विक स्थल

बुद्ध जन्मस्थलमा विश्वभरका पर्यटक ओइरिइरहँदा कपिलवस्तुमा उनीसँग सम्बन्धित विभिन्न पुरातात्विक स्थल भने ओझेल परेका छन्। राजप्रासादसमेत रहेको कपिलवस्तुमा बुद्धसँग जोडिएका १ सय ३६ पुरातात्विक स्थल रहेको अध्ययनबाट पत्ता लागेको छ। बुद्ध जन्मस्थल लुम्बिनी कपिलवस्तुबाट १० किलोमिटर पूर्व रूपन्देही जिल्लामा छ। अहिलेसम्म लुम्बिनीलाई केन्द्र मानेर बुद्धस्थल र दर्शनको प्रचार भइरहेको छ। हवाई र स्थलमार्गबाट सहज पहुँच र पर्यटकीय पूर्वाधार भएकाले बौद्ध धर्मावलम्बीको आकर्षण लुम्बिनीमा देखिन्छ। कपिलवस्तु नगरपालिका-५, गोटिहवामा रहेको अशोक स्तम्भ। बुद्ध जन्मस्थलमा विश्वभरका पर्यटक ओइरिइरहँदा उनको बाल्यकाल र युवा अवस्था बितेको कपिलवस्तु भने ओझेल परेको छ। राजप्रासादसमेत रहेको यहाँ बुद्धसँग जोडिएका १ सय ३६ पुरातात्त्विक स्थल रहेको अध्ययनबाट पत्ता लागेको छ। कपिलवस्तुमा फेला परेका पुरातात्त्विक प्रमाणले जिल्ला नै 'बुद्ध बस्ती' रहेको पुष्टि हुन्छ।

तर ति १ सय ३६ पुरातात्त्विक स्थल मध्ये एक महात्वपुर्ण स्थाल हो सिसहिनीय कोट। सिसहनीय कोटको बारेमा प्रचारप्रसार नहुदाँ ओझेलमा परेको छ। जिल्लाका विभिन्न स्थालहरूको प्रचारप्रसार भईरहेको बेला सिसहनीय कोटको नाम पनि नअउनु दुखद भएको स्थानियहरूको भनाई छ ।

बेलायतको दुह्राम विश्वविद्यालय, पुरात्तत्व विभाग र लुम्बिनी विकास कोषले उत्खनन र अनुसन्धानको काम गर्दै आएका छ । कपिलवस्तुको महात्वपुर्ण तथा बुद्धले विताएका २९ वर्षको दरबार तिलौराकोट उत्खान्नको लागि विभिन्न सम्झौता भए पनि सिसहनीय कोटलाई उत्खन्न तथा प्रचारप्रसारमा ल्याउनाको लागि लुम्बिनी विकास कोषको कहिले पनि ध्यान गएको छैन ।

मायादेवी गाउँपालिका स्थित पुरातात्त्विक स्थल सिसहनियामा सन् १९९७ मा नेपाल-इटलीको संयुक्त पुरातत्त्व टोलीले उत्खनन गरेको थियो। त्यस यता कुनै काम भएको छैन। अतिक्रमण बढेको छ। कोटको जग्गामा खेती गर्न थालेका छन। तर यस विषयमा लुम्बिनी विकास कोषले चासो दिएको छैन ।

संरक्षण नहुँदा चरन स्थल बनेको छ। त्यहाँ रहेको विशाल भग्नावषेश संरक्षणको पर्खाइमा छ। सरकारले ऐन बनाएर लुम्बिनी विकास कोषलाई कपिलवस्तुका ७ वटा स्थल संरक्षण र विकासको जिम्मा दिएको थियो। तिनमा तिलौराकोट, गोटिहवा, निग्लिहवा, सगरहवा, अरोराकोट, सिसहनिया र निग्रोधाराम हुन । यी ठाउँ देख्दै पुरतात्त्विक र ऐतिहासिक लाग्छन।

कपिलवस्तुको ७ वटा स्थल संरक्षण र विकासको जिम्मा पाएको लुम्बिनी विकास कोष तिलौराकोट, गोटिहवा, निग्लिहवा, सगरहवा, अरोराकोट, र निग्रोधाराम आफ्नो कार्यक्रम तथा गतिविधि गरिरहेको छ । तर कहिलै नपुगेको सिसहनीयलाई उपेक्ष नै गरेको देखिन्छ । मायादेवी गाउँपालिका वडा नं. ५ स्थित सिसहनीयाकोट बौद्धकालिन ईतिहस बोकेको एक महात्वपुर्ण स्थल रहेको लुम्बिनी विकास कोषले भनि रहदा पनि ध्यान कहिले जाने हो ? भने त्यहाँका स्थानियहरूले प्रश्न गर्ने गरेका छन् । सिसहनीयको कोटमा समयमाई मन्दिर रहेकोले त्यहाँका स्थानिय तथा आसपासका गाउलेहरू पुजापाठ गर्न जान्छन् । तर जिल्ला तथा जिल्ला बहिराका पर्याटन निकै कम पुग्ने गरेका छन् ।

स्थानिय निकायले पनि ध्यान नदिएको अवस्था रहेको देखिन्छ । आफ्नो स्थाल आफै संरक्षण तथा प्रचारप्रसार गरि पार्यटक ल्याउने निति अनुरूप अघि बढनु पर्नेमा मायादेवी गाउँपालिकामा पनृ सिसहनीयकोट स्थानिय तहबाट नै उपेक्षित रहेको छ ।

इतिहास बोकेको कपिलबस्तु जिल्ला प्रचारप्रसाको अभावमा ओझेलमा परेको छ। विद्वान ऋषिमुनि कपिलको नामबाट राखिएको कपिलवस्तु ठुलो इतिहास बोकेरे पनि इतिहासमै सीमित भएको छ । भारतीय सीमासँग जोडिएको कपिलवस्तुको ऐतिहासिक, सांस्कृतिक वैभव राज्यको नजरमा नपर्दा कपिलवस्तुको इतिहासलाई पराईले खोसेर लैजाने डर भएको छ ।

कपिलवस्तुमा राजा सुद्धोदनको राजप्रासाद तिलौराकोट प्राचीन कपिलवस्तु न्यायलयका रूपमा मानिने कुदान, भारतीय सम्राट अशोकद्वारा निर्मित गोटीहवा र निग्लिहवाको अशोक स्तम्भ रहेका छन् । यस्तै, ७७ हजार शाक्यहरूको बौद्धस्थल सगरहवा लगायतका महत्वपुर्ण स्थल, कनकमुनी बुद्धको शहर अरौराकोट, राजा शुद्धोदन र रानी मायादेवीको समाधी स्थल धमनीहवा र सिसहनिया कोट लगायत बौद्ध स्थान रहेका छन् । त्यस्तै विश्व सिमसार क्षेत्रमा सुचीकृत जगदिशपुर ताल, शिवगढी मन्दिर, सोनगढवा मन्दिर लगायत धेरै सम्भावना बोकेका प्रर्यटकीय स्थलहरू रहेका छन । तर पनि प्रचार प्रसारको अभावले यी सबै स्थानहरू ओझेलमा परेका छन् । कपिलवस्तु बुद्धको राज्य भनेर चिनिने गर्छ । विश्वभरबाट बुद्धको राज्य घुम्न बर्षेनी हजारौं पर्यटक आउने गर्छन् । तर बुद्धको २६ बर्षे इतिहास बोकेको तिलौराकोटको बारेमा न धेरैले जानकारी पाउँछन् न अवलोकन नै गर्ने गर्छन् । बुद्धको महत्वबारे कपिलवस्तु भन्दा लुम्बिनी बुद्ध पहिचान हो भन्ने बुझाई परेको छ सबैमा ।

कुछन्द बुद्धको जन्मभुमी गोटिहवा, कनममुनि बुद्धको जन्मभुमी निगलिहवा लगायत कपिलवस्तुमा धेरै भुमि रहेका छन्, जसको इतिहास जुन बुद्धसँग जोडिएको छ। यस मध्य विश्वप्रसिद्ध ऐतिहासिक र पुरातात्विक महत्व बोकेको तिलौराकोटको मात्र केहि प्रचार प्रसार भएको पाईन्छ । सदरमुकामसँगै जोडिएको तिलौराकोट भगवान गौतम बुद्धले २६ बर्ष बिताएको तथा गौतम बुद्धका पिता शुद्धोधनको राज्य पनि रहेको स्थान हो । गौतम बुद्धसँग सम्बन्धित रहेकोले यो ठाउँलाई विश्वले चिन्न सक्छ । तर आजसम्म पनि तिलौराकोटको प्रचारप्रसार जहाँसम्म पुग्न पर्ने हो पुगेको छैन ।

राज्यले यो ऐतिहासिक भूमिको जति सरंक्षण गर्न पर्ने हो त्यति गरेको पाइदैन । त्यसैकारण छिमेकी भारतले तिलौराकोट नजिकै नक्कली तिलौराकोट बनाएको छ । हजारौं बौद्धमार्गी पर्यटकहरूलाई त्यही नक्कली ठाउँमा पुर्याएको छ। तेस्रो मुलुकका पर्यटक त्यही नक्कली तिलौराकोटलाई बुद्धभूमि भनेर माटो छोएर फर्किन्छन् । नेपालले सक्कली तिलौराकोटको प्रचार गर्न नसक्दा, कपिलवस्तुको प्रचार गर्न नसक्दा नक्कली भारतीयहरू हावी भएका छन् ।

पर्यटकलाई भित्र्याउन भौतिक पूर्वाधार आवश्यक पर्छ । तर, कपिलवस्तुको सिसहनीयकोट आउने पर्यटकको लागि राम्रो बाटो बस्ने बतावारण तथा अन्य विविध समस्यले गर्दा पर्यटक नआउने गरेको मुख्य समस्या रहेको छ। फोहोर, खुला दिशा पिसाव, घरपालुवा चौपायालाई छाडा छोडिँदा ऐतिहासिक स्थल सिसहनिया कुरूप बनेका छन् ।

संरक्षणको अभावमा रहेको सिसहनीय कोटमा ऐतिहासिक इट्टा लगायत सरंचना हराउँदै गएका छन् । साथै छेउछाउमा रहेका रूखहरू काटेर चोरी गर्ने, पुरातात्विक इट्टाहरू पनि हराई सकेका छन् । त्यसो त, भारतले नक्कली कपिलवस्तु बनाएर कपिलवस्तुको प्रचार गरे पछि सरकारको पनि ढिलोगरी ध्यानाकर्षण भएको छ । भन कपिलवस्तुले आफ्नो ७ वटा स्थलको संरक्षणका जिम्मेवरी पाएको लुम्बिनी विकास कोष ६ ठाउँमा आफ्नो कार्य गरिरहेको बेला सिसहनीयालाई कहिले हेर्छ ? मायादेवी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष राजेन्द्र प्रसाद पाण्डेयको भनाई छ ।

कपिलवस्तुबाट धेरै नेताहरू निस्किए । मन्त्रीहरू भए दिपकुमार उपाध्यय पर्यटनमन्त्री मन्त्री भए पनि सिसहनीयलाई महात्व नदिएको स्थानियहरूको भनाई छ। दिपकुमार जी यही क्षेत्र देखि मन्त्री बन्नु भयो तर सिसहनीयलाई उहाँले पनि नदेखे जस्तो गर्नु भएको छ ।

विदेशी पार्यटक कपिलवस्तुको तिलौराकोट, कुदान, गोटिहवा, निगालीकोट गए पनि सिसहनीयलाई कहिले पनि देखेनन् । भने स्वदेवी अन्तरिक पर्याटकहरू पनि सबै ठाउँ घुमे पनि सिसहनीयलाई अहिले देख्ने कमै रहेका छन् ।

अहले लुम्बिनी विकास कोषका कार्यकारी उपाध्यक्ष अवधेश त्रिपाठीको मावली मायादेवी गाउँपालिका वडा नं. ७ बसन्तपुर देखि ५०० मिटरको दुरीमा रहेको सिसहनीय कोटको विकासमा केहि पहल हुन्छ कि भन्ने स्थानियहरूको ठुलो आशा रहेको छ । उपाध्यक्ष त्रिपाठीले पनि कपिलवस्तु आउदाँ आफ्नो मन्तब्यमा सिसहनीयलाई कहिले पनि छुटाउन भएको छैन । तर विकासको लागि के छ हेर्ना बाँकी नै छ । सिसहनीय कोटको विकास तथा पर्याटकिय क्षेत्र बनाउनाको लागि लुम्बिनी विकास कोषले अहम भुमिका खेल्नु जरूरी देखिन्छ भने स्थानिय निकाय मायादेवी गाउँपालिका तथा वडा कार्यालयले पनि त्यतिकै भुमिका खेल्नु पर्ने हुन्छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Cumulative = जोड्दा बढ्दै जाने Vocbulary building is a cumulative process (शब्दको ज्ञान प्रयोग गर्न जान्दा बढ्दै जाने प्रकृया हो )

Diverge = एउटै विन्दुबाट फरक दिशातर्फ लाग्नु वा उछिट्टिनु As our views diverge we can not come to one point (जब हाम्रा विचारहरू फरक दिशातर्फ लागिसकेका छन् भने हामी मिलन विन्दुमा आउन सक्तैनौं)

Extant = चलनचल्तीमा रहनु, अझै पाइनु Although this is book is out of print, some copies are still in extant (यो किताव छापिन बन्द भए तापनि यसका केही प्रतिहरू अझै पाइन्छन्)

Fraught = पूर्ण Since this industry is fraught with danger, I suggested him to resign as soon as possible (यो उद्योग खतरापूर्ण भएको हुँदा मैले उसलाई जागिरबाट राजीनामा दिने सल्लाह दिएँ)

Gorge = गलगिद्द भएर खानु She gorged in such a way as if she had not eaten for many days (धेरै दिनसम्म खान नपाएकोझैं गरी तिनले गलगिद्द खाइन्)

Heckler = अर्कालाई निरुत्साहित गर्ने Heckler keeps on interrupting other with rude remarks (अर्कालाई निरुत्साहित गर्ने व्यक्तिले असभ्य पाराले अरुलाई बाधा दिन्छ)

Headstrong = लिँडे, अर्काको कुरा नसुन्ने I do not like such a headstrong girl (मलाई यस्तो लिँडे केटी मनपर्दैन)

Inured = बानी पर्नु Having lived for a month at a height of 6000 mt. he is inured to cold (६ हजार मिटरको उचाइमा महिनौं बसिसकेपछि उसलाई जाडो खप्ने बानी पर्‍यो)

Listless = जोस जाँगर नभएको I never thought that he could have been a listless personality (ऊ यस्तो जोसजाँगर नभएको व्यक्ति होला भनेर मैले सोचेकोसम्म थिइनँ)

Mordant = घोचपेच गर्ने खालको, तिखो Actors always fear of journalists' mordant pen (कलाकारहरू सधैं पत्रकारहरूको तिखो कलमदेखि तर्सन्छन्)

# Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get into somebody = परिआउनु I do not know what got into him nowadays,आजकाल उसलाई के परिआएको छ थाहा छैन मलाई

Get something in for = को लागि जम्मा गर्नु We have get some dried wood in for Shivratri शिवरात्रिको लागि हामीले केही सुकेको दाउरा जम्मा गर्नु पर्छ ।

Get some body in….to राख्नु I am very old, now I have to get somebody in the house to clean म धेरै बुढो भए मैले घर सफा गर्न कोही न कोही राख्नैपर्छ ।

Get in on something = सहभागी हुनु She is very much keen to get in on speech contest तिनी वक्तृत्वकलामा भाग लिन खुबै रुचाउँछिन ?

Get in with somebody = हिमचिम बढ्नु Nowadays she is geeting in with my brother आजकाल तिनको मेरो भाइसँग हिमचिम बढेको छ ।

Get into something = सुहाउनु I do not get into these clothes यी लुगा मलाई सुहाउँदैन ।

Get oneself into something = अवस्थामा पुग्नु His parents got themselves in very weak condition उसका बाबुआमा निकै कमजोर अवस्थामा पुगेका छन् ।

Get off = हिँडिहाल्नु Immediate after breakfast, they have to get off बिहानको खाना खाने बित्तिकै तिनीहरु हिँडिहाल्नु पर्छ ।

Get something off at = काम रोक्नु We normaly get off at 5 O'clock साधारणतया हामी ५ बजे काम रोक्छौं ।

Get off something = बन्द गर्नु Lets get off this agenda and enter into new one यो कुरा माथिको छलफल यहीं बन्द गरौं र नयाँ विषयवस्तुमा प्रवेश गरौं ।

## सुडोकु-अंक १५५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | ६ | | ४ | १ | |
| | ४ | | | | | | | ५ |
| | | | | | ५ | | ६ | |
| ४ | | ५ | | | | | | २ |
| ३ | ८ | | | | | | ९ | ४ |
| ६ | | | | | | ३ | | १ |
| | ७ | | २ | | | | | |
| ८ | | | | | | | ५ | |
| | ६ | २ | | ७ | ९ | | | |

## अंक १५४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | ३ | ५ | ९ | ६ | १ | ८ | २ |
| ६ | ५ | २ | ८ | ३ | १ | ४ | ९ | ७ |
| ९ | ८ | १ | ४ | ७ | २ | ६ | ३ | ५ |
| १ | ३ | ७ | ६ | २ | ४ | ८ | ५ | ९ |
| ८ | ६ | ९ | ३ | १ | ५ | ७ | २ | ४ |
| २ | ४ | ५ | ७ | ८ | ९ | ३ | १ | ६ |
| ५ | ९ | ८ | १ | ४ | ७ | २ | ६ | ३ |
| ७ | १ | ६ | २ | ५ | ३ | ९ | ४ | ८ |
| ३ | २ | ४ | ९ | ६ | ८ | ५ | ७ | १ |

# शब्दचित्रमा डाक्टर पिताम्बर रावल



**Name of Expert:** PITAMBER BAHADUR RAWAL CHETTRI (Ph.D)
**Date of Birth:** 22 nd March 1951 Citizenship Nepali
**Education:**
University Dates Degree Obtained
Institute of Oriental Studies (then Soviet Academy of Sciences) – Russia
1989 Ph.D. in Economics( Regional Planning, Demography, and Economics of Developing Countries) Tribhuvan University, Nepal 1973 MA Economics
**Employment Record 2005 – To Date**
Organization: Tribhuvan university and Various firms .
Position: Team Leader/ Economist/ in various projects
Employing agencies numerous including TMS, SILT, Kathmandu Nepal
**Membership in Professional Associations and Publications**
**Memberships**
Life Member of Nepal Red Cross Society
Member of the Rotary Club of Nepal: (Past President)
Chair person Nepal Water for Health (NEWAH) Nepal
Member of Shalom Club, Israel
**Training**
Development Study Centre, Rehovot, Israel ; Income Generating Activities in Rural Areas 1999 May-June.
Data Collection and Analysis for National Income Accounting, Tribhuvan University – Nepal, 1980
Social Science Research Methodology, Centre for Economic Development and Administration (CEDA) – Nepal, 1979
**Language skills**
Nepali, English, Hindi, Russian
**Adequacy for the assignment:**
**Detailed Tasks** assigned on Consultants' team of experts
Reference to Prior Work/Assignments that Best Illustrates Capability to Handle the Assigned Tasks

**Name of project:** Teaching And Management Experiences; Year: February 1998 – 2012
**Location:** Nepal; **Client:** Tribhuvan University;
**Positions Held** : Head of Department (MARCH 1995 – APRIL 1998) Central Department of Economics Executive Director(1998-2002) ,Center for Economic Development &Administration,Tribhuwan University Main Project Features: Academic Input as per the requirement ;
**Activities Performed:** Taught at Masters level. Conducted researches at the Department.

**Name of project**: IPME of "Accelerated Sanitation;Water for All"Program
**Year:** Mid 2015 to November 2017 (total 40 days; intermittent)
**Location**: Nepal; **Client:** WYG, UK;
**Positions Held**: Country Monitor(CM); Main
**Project Features:** Appraise the Monitoring System UNICEF Nepal is using to report DFID funded project on Drinking Water and Sanitation.

**Name of project**: Enhance Functionality in Small Towns in Small Towns Water supply and sanitation sector Projects (STWSSSP)
**Year**: July 2014 to April 2015;
**Location:** All over Nepal; Client: Ministry of Urban Development );
**Positions Held**: Financial Analyst;
**Main Project Features**: Assess both technical status and the financial health of the Water users and Sanitation committee of 24 small tows spread over different parts of Nepal and as identified by Department of water and Sewerage GON present solutions to the problems thus identified
**Activities Performed:** Assess the financial status of the different WUSCs of the identified small towns.Provide advice on the debt servicing mechanism resulting from new loans to be procured from Town Development Fund to enhance project functionality. Provide recommendations with new tariffs.

**Name of project:** Climate Resilient Agriculture and Food Security Pilot Program for climate Resilience (PPCR) – Nepal
**Year**: 2014 – 2018 (60days intermittent):
**Location:** Eastern and Central Terai Nepal: **Client:** International Finance Corporation (IFC) hiring agency: Solutions Private Limited.;
**Major Project Features**: This is a 4 year project on promoting climate Resilient Agribusiness in Nepal, through Practical action Nepal from 2014 the project intends to support private sector firms for adopting climate changes particularly for 3 crops namely, sugarcane rice and maize.;
**Position Held:** Team Senior Economist;
**Activities Performed:** Solutions Consultant (P) Ltd is entrusted to evaluate the intervention in climate change risks reduction in sugarcane rice and maize. Supervise of the monitoring of the implementation of the project through three different surveys: baseline : mid line and the end line

**Name of project:** Support for Targeted Sustainable Development Program for Highly Marginalized Groups
**Year**:Oct 2013 to 2015 (2 man months intermittent);
**Location**: Kathmandu, Gulmi, Mahotari, Nawalparasi; **Client:** Ministry of Federal Affairs & Local Development (MoFALD); Positions Held: Economist; Main
**Project Features:** Identify present socio-economic situation of targeted groups (4 highly marginalized groups-Dalit, Majhi, Kumal, Bhote) of Nepal and make them aware about their social rights by organizing social awareness campaign, seminars, and workshops.
**Activities Performed:** Lead the socioeconomic survey work under the overall supervision of the team leader; Develop the socioeconomic survey methodology employing PRA techniques; Develop the survey questionnaire; Support the team leader in recruitment of social mobilizers in the target districts; Develop a PRA training package and provide the training to master trainers and social mobilizers as appropriate; Lead, monitor, coordinate, and guide the work of the master trainers and social mobilizers regarding the socioeconomic survey; Analyze household-level data collection from the survey ;and Submit a detailed household-level socioeconomic survey report, including the identification of the poorest household to be supported by Project; Provide other inputs to the team leader as required, to support the timely delivery of the socioeconomic survey.

**Name of project:** Feasibility Study for Establishment of Special Economic Zone in Biratnagar;
**Year**: November 2011 – May 2012 ( 2 man months intermittent):
**Location**: Nepal: **Client:** Ministry of Industry;
**Major Project Features**: The project will support Government of Nepal's plan to open Special Economic Zones (SEZs) in different parts of Nepal.
**Position Held:** Team Leader/ Economist;
**Activities Performed**: Perform demand forecasting for new industries; Financial and economic analysis for new SEZ.

**Name of project**: Asian Development Bank (ADB) – Sector Efficiency Improvement Unit Consultant (Second Small Towns Water Supply and Sanitation Project) Nepal;
**Year:** March 2010 – July 2015 (5 man months intermittent):
**Location:** Nepal: **Client:** MOUD/ADB;
**Major Project Features:** Sector Efficiency Improvement Unit Consultant was hired by PORY and TMS Kathmandu and was given the task to support the government to ensure efficient, effective, responsive, transparent and accountable service delivery by water supply and sanitation service providers in Nepal. The consultant will provide (i) policy support for water supply and sanitation; (ii) benchmarking and efficiency improvement of water supply and sanitation service providers; (iii) water supply and sanitation sector coordination;
**Position Held**: Socio-Economist;
**Activities Performed**: The socio-Economist will be responsible for water sector assessment from socio-economic perspective; assist to develop guidelines for implementing performance based grants and output based aid; conduct socio-economic mapping; conduct social surveys; determine social cost and economic loses of inadequate service provision and determine least cost schemes for water supply and sanitation service delivery and optimal economic rates of return among other economic and financial indicators.

**Name of project:** Asian Development Bank (ADB) – Rural Reconstruction and Rehabilitation Sector Development Project;
**Year:** May 2010 – Dec 2011 (12 months intermittent)):
**Location:** Nepal: **Client:** DIFID/SDC;
**Major Project Features**: Infrastructure development project including roads drinking water trial bridges and motor bridges in 20 core districts and 18 other districts of Nepal. This project was designed to address post conflict problems to support the conflict of affected areas. The project is expected to end by this 2011 with possible extension to 2012
**Position Held:** Monitoring and Evaluation Specialist; Activities Performed: Monitoring construction of roads and drinking water schemes designing conducting and reporting of household base line survey of the zone of influence of the rural roads being constructed. Reviewing and updating Design and Monitoring Framework and Project's M& E Framework. Analysis of project beneficiaries and project benefits. The consultant was hired by ERMC, Kathmandu Nepal.

**Name of project**: Nepal license inventory study;
**Year:** Dec 2009 – May 2010:
**Location:** Nepal: **Client:** IFC ; contracting firms :TMS and Solutions Private Limited.
**Major Project Features**: Inventory study of business licenses;
**Position Held:** Team Leader;
**Activities Performed:** Inventory study of business licenses, Create inventory of business license, Develop e-portal business licenses. Conduct in-depth studies for priority license. (Hydro power, FDI, Tourism, herbs)

**Name of project:** The World Bank – Assessing The Social Impacts of Rural Energy Services;
**Year:** Nov 2008 – July 2009:
**Location**: Nepal: **Client:** The World Bank;
**Major Project Features:** Design and survey of households under micro hydro electrification for measuring impacts;
**Position Held**: Economist;
**Activities Performed:** Design the methodology for the sample selection, Developed survey manual, Facilitated field survey and monitored data processing for assessing social impacts of rural electrification services.
**Contracting company** : TMS , Kathmandu Nepal.

